जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ • अंक १७२ • २०८१ साल मंसिर ०३ गते सोमबार (18 November, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश प्रदेशको सात स्थानमा स्थानीय तह उपनिर्वाचन

# १११ जनाले दिए उम्मेदवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । यही मंसिर १६ गते हुन लागेको स्थानीय तहको उपनिर्वाचन अन्तर्गत मधेश प्रदेशमा १११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

मधेश प्रदेशको सप्तरी, धनुषा, महोत्तरी र रौतहट गरी सात स्थान अन्तर्गत सप्तरीको डाक्नेश्वरी नगरपालिकाको विभिन्न वडामा हुने निर्वाचनमा २५, धनुषाको धनुषाधाम नगरपालिकाको वडाका लागि २१, महोत्तरीको रामगोपालपुर नगरपालिकाको वडा निर्वाचनका लागि २०, रौतहटको विभिन्न पालिकाको वडामा हुने निर्वाचनमा ४५ जना गरी कुल १११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ र सोही पालिकाको वडा नम्बर ४ हुने निर्वाचनका लागि १७ जनाले मनोनयन दर्ता गराएका छन् ।

वडा नं १ मा एक स्वतन्त्रसहित ९ जना र वडा नं. ४ मा ८ जनाले उम्मेदवारी दर्ता गराएको सहायक निर्वाचन अधिकृत गंगाकुमार मिश्रले जानकारी दिए ।

त्यसैगरि धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर १ मा हुने निर्वाचनमा २१ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

धनुषाधाममा १२ वटा राजनीतिक दलले उम्मेदवारी दिएका छन् भने ९ जनाले स्वतन्त्र रुपमा उम्मेवारी दर्ता गराएका छन् ।

नेपाली कांग्रेसबाट अशोक कुमार मण्डल, नेकपा एमालेबाट प्रमोद यादव, नेकपा माओवादी केन्द्रबाट सुनिल कापर केवट, जसपा नेपालबाट अजय कुमार यादव, जसपा अशोक राई समूहबाट अरुण सादा, जनमत पार्टीबाट कुशेश्वर मण्डल, नेकपा एकीकृत समाजवादीबाट गोपाल साह सुडी, बहुजन एकता पार्टी नेपालबाट प्रमिला कुमारी सदा, राप्रपा नेपालबाट फौदार सादा मुसहर, रास्वपाबाट रामनरेश दास, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदेव सिंह दनुवार र राजपा नेपालबाट लक्ष्मीनियाँ देवीले उम्मेदवारी दिएकी छन् ।

> मधेश प्रदेशको सप्तरी, धनुषा, महोत्तरी र रौतहट गरी सात स्थान अन्तर्गत सप्तरीको डाक्नेश्वरी नगरपालिकाको विभिन्न वडामा हुने निर्वाचनमा २५, धनुषाको धनुषाधाम नगरपालिकाको वडाका लागि २१, महोत्तरीको रामगोपालपुर नगरपालिकाको वडा निर्वाचनका लागि २०, रौतहटको विभिन्न पालिकाको वडामा हुने निर्वाचनमा ४५ जना गरी कुल १११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

स्वतन्त्र उम्मेदवारी दिनेहरुमा दिलीप कुमार ठाकुर बरही, नरेश सादा, हुकुम सिंह, संजय कुमार यादव, संजीत कुमार यादव, रवि कुमार मण्डल, विनोद कुमार यादव, विनोद मण्डल र विशेश्वर मण्डल रहेका छन् ।

त्यस्तै महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर २ मा हुन लागेको निर्वाचनमा २० जनाले उम्मेदवारी दिएका छन् ।

सो वडामा ८ वटा राजनीतिक दलबाट उम्मेदवारी दिएका छन् भने १२ जनाले स्वतन्त्र रुपमा उम्मेदवारी दिएका छन् ।

नेकपा माओवादी केन्द्रबाट आइतीकुमारी यादव, नेपाली कांग्रेसबाट मोहम्मद जनिफ खाँ, रास्वपाबाट सुरमैद खाँ, एमालेबाट सकिवुल खाँ, राप्रपाबाट मो. मनान खाँ, जसपा नेपालबाट मो. नजामुद्दिन खान, राजपा नेपालबाट राजेश कुमार यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै रौतहटको विभिन्न पालिकाको वडामा हुने निर्वाचनमा ४५ जनाले उम्मेदवारी दिएका छन् ।

जिल्लाको राजपुर नगरपालिका वडा नम्बर ६ मा १४, इशनाथ नगरपालिका वडा नम्बर ७ मा १५ र गढीमाई नगरपालिका वडा नम्बर ८ को वडाअध्यक्षका लागि १६ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

गढीमाई नगरपालिका वडा नम्बर ८ नेकपा एमालेको तर्फबाट जीउती देवी यादव, नेकपा एसबाट बजरंगी प्रसाद यादव, नेपाली कांग्रेसबाट सुवोध कुमार यादव, जसपा नेपालबाट संदेश प्रसाद यादव, राष्ट्रिय मातृभूमि पार्टीबाट साहेवलाल राउत, जनमत पार्टीबाट सुरेश राउत कुर्मीले दर्ता गराएको वडा निर्वाचन अधिकृतसमेत रहेका न्यायाधिवक्ता मुम्मद मुन्नाले जानकारी दिए ।

त्यस्तै इशनाथ नगरपालिका वडा नम्बर ७ मा कांग्रेसबाट शेख अब्दुल खालिक, नेकपा माओवादी केन्द्रबाट शेख अमिरुल, जनमत पार्टीबाट शेख जमिरुल हक, जसपा नेपालबाट शेख अब्दुर अहद, नेकपा एमालेबाट शेख अनवार, राप्रपाका मदन साह, नेकपा एसबाट सदरे आलमले दर्ता गराएका छन् ।

त्यस्तै राजपुर नगरपालिका वडा नम्बर ६ मा जनमत पार्टीका क्यामुदिन धुनिया, नेकपा माओवादी केन्द्रबाट जिकरुलाह, नेकपा एमालेबाट मो. नसिम अख्तर, नेपाली कांग्रेसबाट समसे आलम, राप्रपाबाट रामनारायण प्रसाद जयसवाललगायतले उम्मेदवारी दर्ता गराएका छन् ।

सोमबार बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने र सोही दिन दिउँसो ३ बजेपछि मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मंसिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने प्रदेश निर्वाचनको कार्यालय मधेश प्रदेशले जनाएको छ ।

# पूर्वसभामुख ढुङ्गानाको निधन

**टुडे समाचारदाता**



काठमाण्डु । पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधन भएको छ ।

काठमाण्डुको बानेश्वर स्थित अस्पतालमा उपचारको क्रममा आइतबार निधन भएका उनको सोमबार बिहान अन्तिम संस्कार गरिने पारिवारजनले जनाएको छ ।

वरिष्ठ अधिवक्ता समेत रहेका ढुंगाना कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत थिए । उनको श्रीमती, दुई छोरा र एक छोरी छन् ।

ढुंगानाको निधनपछि प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना, नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेलगायत अस्पताल पुगेका थिए ।

सो क्रममा प्रतिनिधिसभाकी उपसभामुख रानाले आफूले ढुंगानालाई अभिभावकको रूपमा लिएको र उनको निधनप्रति निकै दुखी भएको बताइन् ।

विसं २०४८ सालमा काठमाण्डु क्षेत्र- २ बाट नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभामा निर्वाचित उनी २०४८ देखि २०५१ सम्म सभामुख भएका थिए ।

Coca-Cola
Beverages Nepal




## बितरकको आवश्यकता

यस बोटलर्स लि./बोटलर्स नेपाल (तराई) लि. ले विश्व प्रशिद्ध ब्राण्ड कोका-कोला, फ्यान्टा, स्प्राइट तथा किन्ले उत्पादन गर्दै आएको सर्वविदितै छ । नेपाली उपभोक्ता हरुबाट अत्याधिक रुचाइएका यी उत्पादनहरु **जनकपुर** र **यदुकुवा** क्षेत्रमा वितरण गर्नका लागि आधिकारीक वितरकको आवश्यकता परेको हुनाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले आफुले गर्न सक्ने लगानी, जनशक्ति, गोदाम, हाल गरिरहेको व्यवसाय र व्यवसायिक अनुभवको विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तल उल्लेखित ठेगानामा सम्पर्क गर्नहुन जानकारी गराईन्छ ।

सम्पर्क: ईमेल: abasyal@coca-cola.com.np
मोबाईल: 9802926255

बोटलर्स नेपाल लि.
बालाजु, काठमाडौं



# निर्वाचन आचारसंहिता लागू, उल्लङ्घन गरे कारबाही



काठमाण्डु । आसन्न स्थानीय तह उपनिर्वाचनका लागि आइतबारदेखिनिर्वाचनआचारसंहिता लागू भएको छ। निर्वाचन आयोगले आइतबारदेखि उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पदधारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय गरेको आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो।

आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ।

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्नेछ । आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ।

आयोगले निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवं नैतिक बन्धन भएकाले यसको सम्पूर्ण रूपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गर्ने कार्यमा सबैको सहयोग हुने विश्वास व्यक्त गरेको छ ।आचारसंहिताविपरीतका कार्य भए/गरेको पाइएमा वा हुनसक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ । आचारसंहिता उल्लङ्घन भएको पाइए कारबाही हुनेछ।

यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयनपत्र दर्ता हुँदैछ। बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने कार्यक्रम छ ।रासस

# साइबर प्रविधिमा आधारित ठगीमा विद्यार्थी बढी संलग्न: राष्ट्र बैंक



काठमाण्डु । नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइले 'रणनीतिक विश्लेषण प्रतिवेदन २०२४' (स्ट्राटेजिक एनालिसिस रिपोर्ट २०२४) सार्वजनिक गरेको छ।

इकाइले यस वर्ष साइबर प्रविधिमा आधारित ठगी (साइबर इनेबल्ड फ्रड) का विषयमा तयार पारेको प्रतिवेदन सरकारसमक्ष पेस गरी आइतबार सार्वजनिक गरिएको हो।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा १० को खण्ड (क) मा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको प्रकार कसूर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्ति समेतका विवरण संलग्न गरी आफ्नो काम कारवाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्र बैंकमार्फत नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

प्रतिवेदनमा साइबर प्रविधिमा आधारित ठगीका विशेषता र यस्तो ठगीमार्फत प्राप्त सम्पत्तिको शुद्धीकरणमा प्रयोग गरिने पद्धतिको चर्चा गरिएको छ। साथै प्रतिवेदनमा ती ठगीमा सामाजिक सञ्जाल र भुक्तानी प्रणालीमा रहेका विशेषताको दुरुपयोगको विषयमा समेत विश्लेषण गरिएको छ। प्रतिवेदनमा सन् २०२४ को पहिलो पाँच महिनामा प्राप्त भएका साइबर प्रविधिमा आधारित ठगीसम्बन्धी शङ्कास्पद कारोबार विवरणको विस्तृत रूपमा विश्लेषण गरिएको छ। उक्त विश्लेषणबाट यस प्रकारको शङ्कास्पद कारोबारमा १८ देखि २४ वर्ष उमेर समूहका व्यक्ति र पेसामा 'विद्यार्थी' उल्लेख गरेका व्यक्तिहरू सबैभन्दा बढी संलग्न रहेको देखिएको छ।

यसैगरी, अधिकांश शङ्कास्पद खातामा त्यस्तो खाता सञ्चालन भएको तीन महिनाभित्र शङ्कास्पद कारोबार भएको पाइएको छ। साइबर प्रविधिमा आधारित ठगीका लागि मुख्य रूपमा उपहार तथा तथा पार्सल ठगी, सामाजिक सञ्जालका माध्यामबाट हुने ठगी, अनलाईन व्यापारसम्बन्धी झुटा प्लेटफर्म, ओटिपी फ्रड, लट्री फ्रडलगायतका तरिकाको प्रयोग भएको पाइएको छ।

प्रतिवेदनको निष्कर्षका आधारमा साइबर प्रविधिमा आधारित ठगी न्यूनीकरण गर्न सूचक संस्था, कानुन कार्यान्वयन गर्ने निकाय अनुसन्धानकारी निकाय र नियामक तथा सुपरिवेक्षकीय निकायलाई आवश्यक सुझावहरू सिफारिस गरिएको छ। साथै यस्तो ठगी न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय जगतमा भएका प्रयासका बारेमा समेत चर्चा गरिएको छ ।रासस

# नेपाल औषधि व्यवसायी संघको अध्यक्षमा झा



**टुडे समाचारदाता**

रौतहट। नेपाल औषधि व्यवसायी संघ रौतहटको दोस्रो जिल्ला अधिवेशन गौर आइतबार सम्पन्न भएको छ । संघको दोस्रो जिल्ला अधिवेशन सचिन खण्डेवालको अध्यक्षता तथा मधेश प्रदेश समिति महासचिव पप्पु झाको प्रमुख अतिथिमा कार्यक्रम सम्पन्न भएको छ।

नेपाल औषधि व्यवसायी संघ गौरको दोस्रो जिल्ला अधिवेशनबाट राकेश कुमार झाको अध्यक्षतामा १४ सदस्यीय समिती गठन भएको छ । अध्यक्ष राकेश कुमार झा, वरिष्ठ उपाध्यक्ष राजबहादुर ठाकुर, महासचिव रामानन्द साह, मुना रस्तोगी, सचिव इलियास अन्सारी, जनार्दन राउत, नवराज, जगरनाथ मिश्र, नवीन चौधरी, हरेद्र, रघुनाथ, दिपेन्द्र साह सहित सदस्य पदमा निर्विरोध चयन भएका छन्।

निर्वाचित अध्यक्ष झाले भने मेरो कार्यकालमा कार्यालय स्थापना गरेर सबै व्यवसायीहरु गुनासो र समस्या सामाधान गर्ने प्रतिबद्धता व्यक्त गरे।

प्रत्येक महिनामा एक दिन कार्यसमितिको बैठक बसेर सम्पूर्ण व्यवसायीहरूले गरेको काम र भोगेको व्यथालाई समिक्षा गर्ने जस्ता कार्यको अग्रपंक्तिमा राखेर आफ्नो कार्यकाल बिताउने अध्यक्ष झाले बताएका छन्।

# चैनपुर सेतीसहित १४ वटा आयोजनाको विद्युत् अनुमतिपत्र जारी

काठमाण्डु । नेपालमा ऊर्जा क्षेत्रको विकासका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै आएको विद्युत् विकास विभागले आफ्नो प्रगति विवरण सार्वजनिक गरेको छ।

विभागका महानिर्देशक नवीनराज सिंहका अनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विभागले जलविद्युत् आयोजना, प्रसारण लाइनको अनुमति प्रदान गर्दै आएको छ ।विभागले जलविद्युत्तर्फ सातवटा आयोजनाको अनुमतिपत्र प्रदान गरेको छ। ती आयोजनाको कुल क्षमता ६९ दशमलव दुई मेगावाट रहेको छ। सौर्य ऊर्जातर्फ दुईवटा आयोजनाको कुल ४० मेगावाट बराबरको जडित क्षमता छ।

विभागले वायु ऊर्जातर्फ एक आयोजनाको कुल १० मेगावाट बराबरको क्षमता रहेको जनाएको छ । यसरी कुल १० वटा आयोजनाको एक सय १९ दशमलव दुई मेगावाट जडित क्षमताको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी गरिएको हो। जलविद्युत्तर्फ चैनपुर सेती जलविद्युत् आयोजनाको विद्युत् उत्पादन अनुमतिपत्र जारी गरिको छ । सो आयोजनाको कुल क्षमता दुई सय १० रहेको छ । यस्तै, अन्य १२ वटा आयोजनालाई पनि उत्पादन अनुमतिपत्र प्रदान गरिएको छ । ती आयोजनाको क्षमता तीन सय ५३ दशमलव दुई मेगावाट छ।

सौर्य ऊर्जातर्फ दुई आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको र तिनको कुल क्षमता १७ दशमलव तीन मेगावाट रहेको जनाइएको छ । यसबीचमा विभागले तीन सय ७० दशमलव पाँच मेगावाट क्षमता बराबरका कुल १४ वटा आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र जारी गरेको छ। रासस

# हुस्सु र कुहिरोले हवाई उडान प्रभावित

काठमाण्डु।बिहानीपखबाक्लो हुस्सु र कुहिरोले 'भिजिबिलिटी' कमजोर हुँदा मुलुकको हवाई उडान प्रभावित भएको छ। विशेष गरी तराई क्षेत्रका विमानस्थलमा हवाई उडान अवरुद्ध भइरहेको छ।

पछिल्लो एक सातादेखि भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा हुस्सु र कुहिरोले उडान प्रभावित भएको छ । गत बिहीबार थाइल्याण्डको बैंककबाट आएको थाइ एयर एसियाको विमान भैरहवा माथिको आकाशमा करिब एक घण्टा फन्को लगाउने 'होल्ड' भएको थियो । केही दिनयता गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा भिजिबिलिटी कमजोर हुदाँ अन्तर ाष्ट्रिय उडान प्रभावित भइरहेका छन्।

बिहानका लागि निर्धारित उडान 'डिले' हुने गरेका छन् । गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार बिहान हुस्सु र कुहिरोले भिजिबिलिटी कमजोर हुँदा उडान प्रभावित भइरहेको छ। बिहानका उडान डिले भइरहेका छन्। केही दिनयता बिहान ११ र १२ बजेपछि मात्रै आकाश राम्ररी खुलेर उडान तथा अवतरण भइरहेको उहाँले बताउनुभयो।

काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि केही दिनयता बिहान हुस्सु लाग्ने गरेकाले उडान सामान्य प्रभावित भइरहेको छ। जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार जाडो समय भएकाले पनि बिहानको समय हुस्सु बढिरहेको छ । केहि दिनअघिदेखि बिहान समस्या रहे पनि मध्यान्ह आकाश खुल्दै जानेक्रम चलिरहेको छ।



महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले बिहान हुस्सु र कतिपय स्थानमा कुहिरो लागेकाले भिजिबिलिटी कमजोर भइरहेको बताउनुभयो । उहाँका अनुसार देशका पूर्वी र मध्य तराई क्षेत्रमा बाक्लो हुस्सु तथा कतिपय स्थानमा कुहिरो लाग्ने गरेकाले हवाई उडानमा समस्या भइरहेको छ । तुलनात्मक रुपमा पश्चिम तराईका विमानस्थलमा यो समस्या कम छ। बिहान चाँडै आकाश खुल्ने गरेको छ।

मौसमविद् अधिकारीका अनुसार विश्वव्यापी मापदण्डअनुसार एक किलोमिटरभन्दा कम भिजिबिलिटी भएको अवस्थालाई कुहिरो भनिन्छ । एकदेखि पाँच किलोमिटरसम्मको पारदर्शितालाई हुस्सु भन्ने गरिएको छ । अहिले तराई क्षेत्रमा हुस्सु र कुहिरोले बढी समस्या भइरहेको छ । तराईका धेरै स्थानमा हुस्सु र केही स्थानमा कुहिरो लागेको छ।

"अहिले पहाडी र हिमाली क्षेत्रमा पारदर्शिता राम्रो देखिन्छ, नौदेखि १० किलोमिटर पारदर्शिता छ, तर तराईमा हुस्सु, कुहिरोले लाग्दा बढी समस्या देखिएको छ, तराईका धेरै स्थानहरुमा हुस्सु र केही स्थानमा कुहिरो लागेको छ", मौसमविद् अधिकारीले भन्नुभयो । तत्कालै वर्षाको सम्भावना नरहेको र लामो समयदेखि वायुमण्डल प्रदूषण भएका कारण पनि हुस्सु र तुँवालो लाग्ने गरेको उहाँले उल्लेख गर्नुभयो।

> त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार काठमाडौँको भिजुअल फ्लाइट रुल्स (भिएफआर) उडानमा समस्या नरहे पनि अन्य विमानस्थलको उडान प्रभावित भइरहेको छ । भैरहवा र सिमरा विमानस्थलमा उडान भर्खरै खुलेको छ ।

पछिल्ला दिनमा आन्तरिक र अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीले उडान प्रभावित बनिरहेको यात्रुलाई विभिन्न माध्यमबाट जानकारी गराइरहेका छन् । विराटनगर, जनकपुर, सिमरा, भैरहवा, भरतपुर, नेपालगञ्ज, धनगढी, सुर्खेत, लुम्लिङ्टारलगायत विमानस्थलमा निर्धारित समयमा उडान हुन सकिरहेको छैन । काठमाडौँ बाहिरका विमानस्थल समयमै खुल्न नसक्दा काठमाडौँ विमानस्थलको उडान तालिकासमेत प्रभावित बनेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार काठमाडौँको भिजुअल फ्लाइट रुल्स (भिएफआर) उडानमा समस्या नरहे पनि अन्य विमानस्थलको उडान प्रभावित भइरहेको छ । भैरहवा र सिमरा विमानस्थलमा उडान भर्खरै खुलेको छ। आज बिहान झापाको चन्द्रगढी विमानस्थलबाहेक तराई क्षेत्रका सबैजसो विमानस्थल बन्द रहेको र अहिले भिजिबिलिटीमा सुधार आएपछि क्रमशः विराटनर, जनकपुर, सिमरा, भैरहवा विमानस्थल खुलेको प्रवक्ता शेर्पाले जानकारी दिनुभयो।

उहाँका अनुसार सबैभन्दा ढिला खुलेका भैरहवा र सिमरा विमानस्थल हो । गौतमबुद्ध विमानस्थल आइतबार मध्याह्न १२:५० मा खुलेको छ। काठमाडौँ बाहिरका गन्तव्यमा उडान डिले भइरहेका छन् । विमानस्थल बिहान ढिला खुलेकाले उडानहरु डिले भइरहेका हुन् । "उडान नियमित भइरहकेका छन् तर निर्धारित समयमा हुनसकेका छैनन्", प्रवक्ता शेर्पाले भन्नुभयो।

काठमाडौँमा पनि बिहानीपख हुस्सु लाग्ने गरेकाले हवाई उडान सामान्य प्रभावित बनिरहेको छ। अहिले काठमाडौँको आकाशमा भिजिबिलिटी छ किलोमिटर छ ।रासस

## तपाईंको आज
पण्डित : बम जी

- मेष : प्रेम प्रसंग, मित्र सुख।
- वृष : सुख समृद्धि हुने।
- मिथून : भ्रमण अवसर हुने।
- कर्कट : अवसर प्राप्त।
- सिंह : वाद विवादबाट बच्नु।
- कन्या : नयाँ कार्य हुने।
- तुला : पुरस्कार प्राप्त लाभ।
- वृश्चिक : बौद्धिक क्षमता।
- धनु : प्रतिभा सम्पन्नता।
- मकर : शिक्षामा उन्नति।
- कुम्भ : पारिवाहिक सुख।
- मीन : धन वृद्धि सञ्चय।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



अलपत्र अवस्थामा रहेको वीरगञ्ज महानगरपालिका वडा नम्बर १६, नगवामा अवस्थित नगवा पोखरी। तत्कालीन समयमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा पोखरीको मध्य भागमा मन्दिर बनाउनका लागि बजेट विनियोजन गरेपनि अहिलेसम्म यो पोखरीको निर्माण कार्य सम्पन्न भएको छैन। *तस्बिरः रासस*

# वीरगञ्जको सुक्खाबन्दरगाहबाट राजस्व सङ्कलन २० करोडले घट्यो

वीरगञ्ज । वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको चार महिनामा रु १६ अर्ब ५५ करोड २६ लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले चार महिनाको अवधिमा कूल वार्षिक लक्ष्यको २७ दशमलव ५७ प्रतिशत राजस्व सङ्कलन गरेको हो। सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले विदेशी मुलुकबाट वस्तु तथा सामान आयात घट्दा राजस्व सङ्कलनमा कमी आएको बताउनुभयो। चाडपर्वको समयमा धेरै बिदा भएकाले पनि पछिल्ला महिनामा विदेशबाट वस्तु तथा सामानको आयात घटेको भन्दै उहाँले राजस्व सङ्कलन पनि घटेको उल्लेख गर्नुभयो।




चालु आवको साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड, असोजमा रु चार अर्ब ३६ करोड र कात्तिकमा तीन अर्ब ७९ करोड राजस्व सङ्कलन भएको भन्सार अधिकृत बरुवालले जानकारी दिनुभयो । कार्यालयले गत आवको चार महिनामा रु १६ अर्ब ७५ करोड ३१ लाख ५५ हजार राजस्व सङ्कलन गरेको थियो। गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु २० करोड चार लाख ५६ हजारले राजस्व सङ्कलनमा कमी आएको छ।रासस

# राष्ट्रपतिसमक्ष नवनियुक्त राजदूतको शपथ



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष विभिन्न चार देशका लागि नवनियुक्त राजदूतले पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति कार्यालयमा आइतबार आयोजित समारोहमा रीता धिताल (इस्लामिक गणतन्त्र पाकिस्तान), रमेशचन्द्र पौडल (कतार), प्रा धनप्रसाद पण्डित (इजरायल) र प्राडा कृष्णप्रसाद ओली (जनवादी गणतन्त्र चीन)का लागि नवनियुक्त राजदूतले शपथ ग्रहण गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ। उक्त अवसरमा नेपाल सरकारका उच्चपदस्थ अधिकारीको समेत उपस्थिति थियो।

यसैबीच राष्ट्रपति पौडेलले विभिन्न छ देशका लागि राजदूत नियुक्त गर्नुभएको छ । नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा डा शैल रुपाखेतीलाई जर्मनी, जङ्गबहादुर चौहान रुसी महासङ्घ, चन्द्रकुमार घिमिरेलाई संयुक्त अधिराज्य, डा नरेशविक्रम ढकाललाई साउदी अरेबियाका लागि राजदूत नियुक्त गर्नुभएको छ । यस्तै थाइल्याण्डका लागि आवासीय राजदूत धनबहादुर ओलीलाई क्याम्बोडिया र गणतन्त्र सिङ्गापुरका लागि गैरआवासीय नेपाली राजदूत नियुक्त गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ।रासस

# २४ जिल्लाका तीन हजार एक सय ९१ विद्यार्थीलाई विद्युतीय चुल्हो वितरण

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले दुर्गम र अतिदुर्गम क्षेत्रबाट काठमाडौं आएर बसोबास गरिहेका तीन हजार एक सय ९१ विद्यार्थीलाई विद्युतीय चुल्हो वितरण गरेको छ।



केन्द्रले नेपालका दुर्गम र अति दुर्गम क्षेत्रबाट काठमाडौंमा आई डेरा गरी बस्ने स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई विद्युतीय चुल्हो वितरण गरेको हो। विद्युतीय चुल्हो वितरण कार्यक्रमको आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शुभारम्भ गर्नुभयो।

कार्यक्रममा मन्त्री खड्काले यस अभियानले नवीकरणीय ऊर्जा प्रवर्द्धन र विस्तारमा सहयोग पुग्ने बताउनुभयो । उहाँले विद्युतीय चुल्हो वितरणले दूरदराजबाट काठमाडौंमा अध्ययन गर्न आउने विद्यार्थीलाई सहुलियत प्रदान गर्नाका साथै खनिज इन्धनको प्रयोग न्यूनीकरण गरी विद्युत्को आन्तरिक खपत वृद्धि गर्नमा सघाउ पुग्ने उल्लेख गर्नुभयो। "खाना पकाउने स्वच्छ ऊर्जाको प्रयोगबाट वातावरण संरक्षणमा टेवा पुग्नाका साथै नेपाल सरकारको राष्ट्रिय लक्ष्य एवम् जलवायु परिवर्तन न्यूनीकरणका लागि गरिएको अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सघाउ पुग्नेछ", मन्त्री खड्काले भन्नुभयो । आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिन उहाँले केन्द्रलाई निर्देशन दिनुभयो।

ऊर्जामन्त्री खड्काले नेपालले ऊर्जा क्षेत्रमा निरन्तर रुपमा महत्वपूर्ण फड्को मारिरहेको र हाल अन्तर र्राष्ट्रिय बजारमा समेत विद्युत् निर्यात गर्न सफल भएको भन्नुहुँदै आगामी १० वर्षभित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको स्पष्ट पार्नुभयो।

मन्त्रालयका सचिव सुरेश आचार्यले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा केन्द्रले हासिल गरेका उपलब्धिको प्रशंसा गर्नुहुँदै ऊर्जा सम्मिश्रण र ऊर्जा खपत वृद्धिका लागि विद्युतीय चुलोको महत्वपूर्ण योगदान रहने बताउनुभयो । उहाँले यसअघि पनि विभिन्न चरणमा विद्यार्थीहरूका लागि विद्युतीय चुल्हो वितरण गरिएकामा खुसी व्यक्त गर्नुहुँदै ऊर्जा खपत वृद्धिमा यस्ता अभियानले सघाउ पुग्ने बताउनुभयो।

केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले विद्युतीय चुल्हो प्रवर्द्धनको माध्यमबाट केन्द्रले नेपाल सरकारले लिएका नवीकरणीय ऊर्जा तथा जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलनसम्बन्धी दीर्घकालीन लक्ष्य हासिल गर्न योगदान पुऱ्याइरहेको बताउनुभयो । उहाँले केन्द्रले विद्यार्थीहरुलाई विद्युतीय चुल्हो वितरणका माध्यमबाट विद्युतीय चुलो एवम् खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको प्रयोगलाई देशव्यापी रूपमा विस्तार गर्न लागेको बताउनुभयो।

कार्यकारी निर्देशक ढकालले सरकारले दोस्रो राष्ट्रिय निर्धारित योगदानमा ऊर्जा क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरण गर्न सन् २०३० सम्म २५ प्रतिशत घरधुरीमा विद्युतीय चुल्हो प्रवर्द्धन गर्ने लक्ष्य लिएकाले सो लक्ष्य हासिल गर्नमा विद्युतीय चुल्होलाई प्रभावकारी रुपमा प्रवर्द्धन गर्न केन्द्र निरन्तर क्रियाशील रहेको उल्लेख गर्नुभयो।रासस

# समुद्री सतहमुनि रहेको बाकुबाट सर्वोच्च शिखर सगरमाथाको सन्देशः 'हिमालको हिउँ जोगाऔँ'

बाकु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) यही कात्तिक २६ गतेदेखि अजरबैजानको राजधानी बाकुमा जारी छ।

बाकु सहर समुन्द्री सतहबाट २८ मिटर (९२ फिट) तल अवस्थित छ। यो समुद्री सतहबाट विश्वकै सबैभन्दा तल्लो सतहमा रहेको राजधानी सहर हो । यही सहरबाट समुद्री सतहदेखि आठ हजार आठ सय ४८.८६ मिटर उचाइको विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको देश नेपालले हिमालको हिउँ जोगाउनका लागि पहल गर्न विश्वको ध्यानाकर्षण गराएको छ।

सम्मेलनमा नेपालले जलवायुसम्बन्धी आफ्नो चासो, हित र आवश्यकताका मुद्दाबारे प्राथमिकता साथ आवाज बुलन्द गरिरहेको छ। नेपालले खासगरी विभिन्न उच्चस्तरीय बैठक, छलफल र वार्तामा पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायुले पारेका असरलाई प्राथमिकतासाथ उठाइरहेको छ । यही मङ्सिर ७ गतेसम्म चल्ने कोप-२९ सम्मेलन कात्तिक २६ गते भव्य समारोहका बीच उद्घाटन भएको थियो। कात्तिक २७ र २८ गते भएको उच्चस्तरीय सत्रमा विश्वभरका नेताहरुले जलवायु परिवर्तनका बारेमा चिन्त र चासो व्यक्त गर्दै सिर्जित समस्या साझा नीति तथा कार्यक्रमसहित एकीकृत रुपमा समाधान गर्नुपर्नेमा जोड दिनुभएको थियो। सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई कात्तिक २७ गते सम्बोधन गर्नुभएको थियो । उहाँले आफ्नो सम्बोधनमा विश्व तापमानमा भएको वृद्धिका कारण हिमालको हिउँ पग्लिनेक्रम बढेको उल्लेख गर्दै त्यसलाई जोगाउनका लागि कार्बन बढी उत्सर्जन गर्ने विकसित र ठूला राष्ट्रले पहल गर्नुपर्नेमा जोड दिनुभएको थियो।

त्यस्तै नेपालले कात्तिक २८ गते सम्मेलनमा छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका प्राकृतिक विपद्का बारेमा विश्वको ध्यानाकर्षण गराएको थियो। विभिन्न देशका राष्ट्रपति, मन्त्री र उच्च अधिकारी सहभागी उक्त कार्यक्रममा पनि नेपालका तर्फबाट राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका कारण अर्बौं मानिसको खानेपानीको स्रोतका रुपमा रहेको हिमाल प्रभावित भई तल्लो तटीय क्षेत्रमा पनि असर पारेकामा विश्व समुदायको ध्यानाकर्षण गर्नुभएको थियो।

उक्त कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनसँगै विश्व तापमानमा भएको वृद्धिले विशेषगरी हिमाल तथा हिमाली मुलुक बढी प्रवाहित भएको र त्यसबाट समग्र विश्व प्रभावित हुने धारणा व्यक्त गर्दै हिमाल तथा पर्वतीय क्षेत्रको संरक्षणमा विश्व समुदायको ध्यान जानुपर्नेमा जोड दिनुभयो। कोप-२९ सम्मेलनको पाँचौं दिन कोपको अध्यक्ष मण्डलले आयोजना गरेको उच्चस्तरीय कार्यक्रममा नेपालले हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनले गरेका असरबारे सशक्त रुपमा ध्यानाकर्षण गराएको थियो।

वनमन्त्री शाही सहभागी उक्त कार्यक्रमा उहाँका तर्फबाट वनसचिव डा दीपककुमार खरालले पर्वतीय क्षेत्रको महत्व र हिमालमा जलवायु परिवर्तनले गरेका असर तथा गर्नुपर्ने कामकाबारेमा ध्यानाकर्षण गराउनुभएको थियो। सम्मेलनमा निर्णयको छलफलका लागि एजेण्डा तय गर्ने कोपको अध्यक्षको समूहले राखेको बैठकमा यसरी हिमालका मुद्दा पहिलो पटक छलफल भएको हो।




**नेपालले बैठकमा यसरी हिमालका विषय प्रत्येक कोपमा छलफल होस् भनी माग राखेको थियो । नेपालको उक्त प्रस्तावमा भूटान, ताञ्जानियालगायत राष्ट्रले समर्थन गरेका थिए । यो छलफलले यस सम्मेलनको निर्णयमा हिमालका मुद्दाका सन्दर्भमा केही हुने अपेक्षा गरिएको मन्त्री शाहीका जलवायु सल्लाहकार मञ्जित ढकालले जानकारी दिनुभयो ।**

नेपालले बैठकमा यसरी हिमालका विषय प्रत्येक कोपमा छलफल होस् भनी माग राखेको थियो। नेपालको उक्त प्रस्तावमा भूटान, ताञ्जानियालगायत राष्ट्रले समर्थन गरेका थिए। यो छलफलले यस सम्मेलनको निर्णयमा हिमालका मुद्दाका सन्दर्भमा केही हुने अपेक्षा गरिएको मन्त्री शाहीका जलवायु सल्लाहकार मञ्जित ढकालले जानकारी दिनुभयो।

राष्ट्रपति पौडेल स्वेदश फर्कनुभएपछि नेपालको नेतृत्व गर्नुभएका वनमन्त्री शाहीले सम्मेलनमा भएका हरेक बैठक, छलफल र भेटवार्तामा आफूले हिमालका मुद्दालाई नछुटाएको उल्लेख गर्नुभयो। साथै उहाँले कोप-२९ सम्मेलनको पूर्वसन्ध्यामा मन्त्रालयले 'साथसाथै' संस्थाको सहकार्यमा कर्णालीको रारामा दुईदिने जलवायुसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको बताउनुभयो । जलवायुले हिमाली क्षेत्रका स्थानीयको जनजीवनमा पारेको असरसम्बन्धी जारी गरिएको 'रारा घोषणा पत्र'का विषयमा कोप-२९ सम्मेलनमा उठाइएको उहाँले जानकारी दिनुभयो।

कोप-२९ मा जलवायु परिवर्तनको चेतना जगाउन र युएनएफसिसिसी वार्ता प्रक्रियामा पर्वतीय एजेन्डालाई अगाडि बढाउन नेपालले विभिन्न प्रयास जारी राखेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा सिन्धुप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो। साथै उहाँले हिमाली क्षेत्रमा जलवायु सङ्कट बढ्दै गइरहेको सन्दर्भमा विश्व समुदायबाट पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधन तत्काल हुन जरुरी रहेको बताउनुभयो।

सहसचिव डा ढुङ्गानाका अनुसार कोप-२९ सम्मेलनमा अनुकूलन, हानिनोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकसित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्य कार्यान्यवनको प्रभाव, पेरिस सम्झौताको दफा ६ सहित सो सम्झौतामा उल्लिखित वैश्विक मापन, महासन्धीको दीर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, 'जस्ट ट्राञ्जिसन'सम्बन्धी कार्यक्रम, न्यूनीकरणसम्बन्धी 'वर्क प्रोग्राम', लैङ्गिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ।

**कोप-२८ को निर्णयमा पहिलो पटक हिमालका मुद्दा स्वीकार**


गत वर्ष युएईको दुबईमा सम्पन्न कोप-२८ का दस्तावेजमा पहिलो पटक जलवायुले हिमालमा पारेका असरका बारेमा समावेश गरिएको थियो । हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको वन मन्त्रालयका सहसचिव बुद्धिसागर पौडेलले बताउनुभयो। त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आएको छ। सहसचिव पौडेलले अन्तर्राष्ट्रिय सम्मेलनहरुमा नेपालले गरेको छलफल, वार्ता र पैरवीका कारण हिमालका मुद्दा स्थापित हुँदै गएकोसमेत बताउनुभयो।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको वन मन्त्रालयका अर्का सहसचिव डा महेश्वर ढकालले बताउनुभयो । साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान गरिएको छ।

विगतका तीन/चार दशकको तथ्याङ्क हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ। विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ। यसैगरी हाल नेपालमा सम्भावित जोखिमा रहेका तालको संख्या २१ रहेको छ। चीनको तिब्बतका २५ र भारतको एउटा हिमताल फुट्दा तिनको असर नेपालमा पनि पर्नेछ। नेपालमा दुई हजार ७० हिमताल छन्।

पर्वतीय मुद्दालाई विश्व मञ्चमा उजागर गर्ने उद्देश्यले यसअघि नेपाल सरकारले सन् २०२४ मे २२ र २३ मा काठमाडौंमा 'हिमाल, मानव र जलवायु'सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवादको आयोजना गरेको सहसचिव डा ढकालले जानकारी दिनुभयो । जलवायु परिवर्तनको चेतना जगाउन र युएनएफसिसिसी वार्ता प्रक्रियामा पर्वतीय एजेण्डालाई अगाडि बढाउन गरिएको 'हिमाल, मानव र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद'ले नेपालसहित विश्वभरका दुई सय ५० भन्दाबढी प्रतिनिधिबीच छलफल भएको थियो।

उक्त संवादले हिमाली क्षेत्रमा जलवायु सङ्कट बढ्दै गइरहेका सन्दर्भमा पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधन तत्काल हुन जरुरी रहेकामा जोड दिँदै घोषणापत्र निकालेको थियो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पदीय मर्यादा बुझ

व्यक्ति र पदको मर्यादा फरक हुन्छ। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको पदीय मर्यादा र उनको व्यक्तिगत मर्यादा फरक हो । उनले अहिले गर्ने सबै कामकाजमा पदीय मर्यादा जोडिने छ। उच्च सार्वजनिक पद धारण गरेका उनले गर्ने हरेक काममा पदीय मर्यादाको ख्याल गर्नुपर्छ । उनले कुनै सभासद अथवा अन्य कुनै मन्त्री जस्तो समेत गर्न सुहाउँदैन् ।उनी मधेश प्रदेशको सबै भन्दा उच्च कार्यकारी पदमा आसीन छन् । त्यो उनले महसुस गर्नुपर्छ। प्रदेशको मुख्यमन्त्रीको हैसियत प्रदेशका लागि अत्यन्त महत्वपूर्ण र मर्यादित हो। उनले त्यस अनुसारकै आचरण र क्रियाकलाप गर्नुपर्छ। उनको एउटा सानो कमजोरीले प्रदेशको प्रतिष्ठामा आँच आउन सक्छ। उनले पदीय मर्यादाको ख्याल गर्ने त्यसबाट गलत परम्पराको थालनी हुनेछ । सिंह मधेश प्रदेशको तेस्रो मुख्यमन्त्री हुन् । मुख्यमन्त्री सिंह भारतको अयोध्यास्थित भगवान राम मन्दिरको दर्शन अथवा अन्य तीर्थयात्रामा जान सक्छन् । धार्मिक अथवा अन्य व्यक्तिगत प्रयोजन अथवा सरकारी भ्रमणमा भारतलगायत संसारको कुनै पनि देशमा जान सक्छन् । मुख्यमन्त्री भए पनि उनी व्यक्तिगत रुपमा कुनै देशको भ्रमण, धार्मिक यात्रा गर्न पाउँछन् । त्यसैगरि उनले सम्बन्धित देशको सरकारी निकाय अथवा धार्मिक, समाजिक निकायको आमन्त्रणमा पनि जान पाउने छन् । उनी आफ्नो सुविधा अनुसार भारतको अयोध्या लगायतका तीर्थस्थलमा दर्शन पूजाका लागि जान सक्छन्। त्यसका लागि उनले नेपालको परराष्ट्र मन्त्रालयसित स्वीकृति भने लिनै पर्छ। तर त्यसका लागि भारतबाट आमन्त्रण नै आउनु पर्दैन। त्यस्तो भ्रमण उनको निजी धार्मिक हुनेछ। तर सार्वजनिक रुपमा धार्मिक अथवा अन्य भ्रमणमा जाँदा उनको पद अनुसारको आमन्त्रण आउनु पर्छ। भारतको उत्तर प्रदेश सरकारको आमन्त्रण उनले पाउनु पर्छ। उनी जाने स्थानमा राजकीय स्वागत र सम्मान पाउनु पर्छ । उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको भन्दा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको हैसियत रति पनि कम छैन। मधेश प्रदेशबाट उनको नेतृत्वमा कुनै टोली जाने हो । उनी कसैको नेतृत्वमा जान पदीय मर्यादाले सुहाउँदैन । विश्विहिन्दू परिषद धनुषाको नेतृत्वमा गएको तिलकको भारसँग मुख्यमन्त्री सिंह जानु पदीय मर्यादाले मिल्दैन । कुनै कतेबाट आमन्त्रण नआएपनि उनी अयोध्या जाने चाहनालाई रोक्न नसके पनि नेतृत्व उनको हुनै पर्ने थियो । विश्व हिन्दू परिषद् जिल्ला अध्यक्षको नेतृत्वमा गएको तिलकको भार मुख्यमन्त्री सिंहले बोक्दैमा पर्यटनको विकास हुने भ्रममा उनी स्वयम् रहन हुँदैन । मुख्यमन्त्री सिंहको क्रियाकलापले पदीय मर्यादालाई धुमिल गरेको छ। पदीय मर्यादा समेत नबुझ्न नसक्नेलाई पदमा राख्नु जनमत पार्टीका लागि पनि उपयुक्त होइन। यसले प्रदेश र देशको प्रतिष्ठा खसाउने काम गरेको छ।

# कोप २९ र पहिलो हप्ताका उपलब्धि



राजन थापा

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन (कोप २९) २०२४ नोभेम्बर ११ देखि अजरबैजानको बाकुमा चलिरहेको छ । पहिलो हप्ताको अन्तिम दिनसम्म आइपुग्दा यो सम्मेलनमा के के भए त भन्ने सबैमा चासोको बढेको छ । 'वित्तीय कोप' भनेर चिनिएको सम्मेलन कुन दिशातिर जान्छ त्यो भने अब हुने वार्ता तथा छलफलले बताउने नै छ। कोप २९ मा कोप २८ को नतिजामा आधारित रणनीति अघि बढेका छन्। यस सम्मेलनमा जलवायु वित्तीय लक्ष्य, कार्बन बजारका लागि धारा ६ अन्तर्गतका नियमहरू, हानि तथा नोक्सानीको प्रतिक्रिया कोष र अनुकूलन लक्ष्यमा प्रगतिको मापनका मापदण्डहरू निर्माण मुख्य विषयको रुपमा  रहेका छन्। साथै, एनडिसी, राष्ट्रिय अनुकूलन योजना (न्याप) र द्विवार्षिक पारदर्शिता प्रतिवेदन (बिटिआर) समयमा प्रस्तुत गर्ने महत्वाकांक्षालाई प्रोत्साहन दिन यस सम्मेलनको छलफलहरु केन्द्रित रहेका छन्।

केही वर्षयता जलवायु परिवर्तनको असर प्रत्यक्ष रुपमा देखा पर्न थालेको छ। यसको एउटा ज्वलन्त उदाहरण उष्णतामा अस्वभाविक वृद्धि भएको छ । सन् २०२४ मा लगातार दोस्रो पटक सबैभन्दा तातो वर्ष हुने अनुमान गरिएको छ। विश्वभरि चरम मौसमी घटनाहरूको तीव्रता बढिरहेको छ । नेपाल, स्पेन र सहारामा विनाशकारी बाढीदेखि ब्राजिलको अमेजन वर्षावनमा भयावह आगलागी र अत्यधिक तापक्रम र खडेरी, यी र यस्ता जलवायु परिवर्तन को प्रभाव ले थप चुनौती सिर्जना गरेको अवस्था छ। कोप २९ को आयोजना यसै जटिल परिस्थिति र ठूला घटनाहरूको बीच भएको छ । राजनीतिक दृष्टिबाट हेर्दा विश्वमा बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरुमध्ये एक अमेरिकामा चुनाव पनि पर्दछ। डोनाल्ड ट्रम्पको पुनःनिर्वाचनले पेरिस सम्झौताबाट फिर्ता हुने उनको योजनासहित अन्तर्राष्ट्रिय जलवायु वार्तामा ठूलो असर पार्न सक्ने कतिपयले अनुमान गरेका छन् । युएनएफसिसिसीबाट फिर्ता हुने सम्भावनाको चर्चा भए पनि, यो सजिलो हुने छैन।

### कोप २९ बाट के आशा गर्न सकिन्छ ?

कोप २९ लाई वातावरण क्रियाशील विश्वका व्यक्तिहरु मात्र नभई आम सर्वसाधारणले पनि निकै चासोपूर्वक हेरिरहेका छन्। विगतका सम्मेलनहरुको तुलनामा यसपटक केही उपलब्धिमूलक नै हुने आशा उनीहरुले गरेका छन् । यसपटक जलवायु वित्त, राष्ट्रिय रूपमा निर्धारित योगदान बढाउने पहल, क्षति र नोक्सानीको वित्तीय सहयोग, अनुकूलनका लागि प्रगति, कार्बन बजारहरूको सुदृढीकरणलगायतका केही उपलब्धिहरुको आशा गरिएको छ।

### जलवायु वित्त

जलवायु वित्त १९९२ देखि अन्तर्राष्ट्रिय जलवायु वार्ताको महत्ववपूर्ण मुद्दा रहँदै आएको छ । सन् २००९ मा भएको कोप १५ ले  एक सय अर्ब अमेरिकी डलर वार्षिक प्रतिबद्धता तय गरेको थियो। तर, यो लक्ष्य सन् २०२० को समयसीमाभन्दा दुई वर्षपछि सन् २०२२ मा मात्र पूरा भएको थियो । तथापि यो विषयम अझै पनि एकमत भने भएको छैन । तसर्थ, विकासशील देशहरूको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राख्दै जलवायु वित्तको लागि वार्षिक सय अर्ब अमेरिकी डलरको न्यूनतम् आधारबाट नयाँ सामूहिक परिमाणित लक्ष्यमा सहमति जनाउने अपेक्षा यसपटकको कोपबाट गरिएको छ । पहिलो हप्ताको अन्तिम दिनसम्मको प्रगतिलाई हेर्दा केही सकारात्मक प्रयास भएको देख्न सकिन्छ । पहिलो हप्ताको उपलब्धिको रुपमा नयाँ सामूहिक परिमाणित लक्ष्यको मस्यौदा पाठ बाहिर आएको छ। तर, अझै १० पृष्ठको दस्तावेजमा पुग्नु चुनौतीपूर्ण छ। अति कम विकसित र विकासशील देशहरूले वार्षिक एक दशमलब तीन ट्रिलियन अमेरिकी डलरको जलवायु वित्त प्रतिवद्धताको माग गरिरहेका छन्, जुन जलवायु कार्य लक्ष्यहरू पूरा गर्न र जलवायु परिवर्तनका बढ्दो प्रभावहरू सामना गर्न आवश्यक रहेको छ। त्यस्तै उनीहरूले वित्तीय लक्ष्यलाई अनुदानको आधारमा उपलब्ध गराउनुपर्ने माग राखेका छन्। यसमा नेपालको पनि साझा धारणा रहेको छ।

### महत्वाकांक्षी राष्ट्रिय रूपमा निर्धारित योगदान बढाउने पहल

कोप २९ चलिरहेको छलफलमा सबै राष्ट्रहरुलाई २०२५ सम्म महत्वाकांक्षी राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) प्रस्तुत गर्न प्रोत्साहन गरिरहेको छ । प्रायः सबैजसो छलफलहरुले सबै देशहरूलाई २०२५ सम्म थप महत्वाकांक्षी एनडिसी प्रस्तुत गर्न प्रेरित गरिरहेको छ ।  सन् २०३० र २०३५ को नयाँ लक्ष्यसहित प्रस्तुत हुने एनडिसीले विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्रीमा सीमित गर्न सक्छ भन्ने विवरण यसअघिको कोपमा पनि प्रस्तुत भइसकेको छ।

### क्षति र नोक्सानीको वित्तीय सहयोग

यसपटक भइरहेको कोपले क्षति र नोक्सानीको कोष (एफआरएलडी) को कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ। यो कोष सन् २०२५ सम्म आफ्नो पहिलो वित्तीय वितरण गर्ने योजनामा छ । तर, विकसित देशहरूले क्षति र नोक्सानीको वित्तीय सहयोगलाई नयाँ सामूहिक परिमाणित लक्ष्यमा समेट्न अनिच्छा देखाएका छन्। क्षति र हानि) का लागि कोष सञ्चालन गर्नु २०२३ मा दुबईमा सम्पन्न कोप २८ को सबैभन्दा ठूलो उपलब्धिमध्ये एक मानिएको थियो । यस हप्ता कोप २९ मा स्वीडेनले कोषका लागि थप १९ मिलियन अमेरिकी डलर प्रदान गर्ने प्रतिवद्धता जनाएको छ, जसले कोषमा प्रतिवद्ध कुल रकम ७२० मिलियन अमेरिकी डलरभन्दा बढी पुऱ्याएको छ। यस हप्ता कोषको बोर्ड र विश्व बैंकबीच ट्रस्टी सम्झौता र सचिवालय आतिथ्य सम्झौता साथै बोर्ड र आतिथ्य प्रदान गर्ने देश फिलिपिन्सबीच आतिथ्य देश सम्झौता समेत सम्पन्न भएको छ।

### अनुकूलनका लागि प्रगति

"ग्लोबल गोल अन एडाप्टेसन (जिजिए) सम्बन्धी छलफलहरू पेरिस सम्झौताका लक्ष्यहरू पूरा गर्नका लागि महत्वपूर्ण छन् । विशेषगरी जोखिमपूर्ण समुदायको लागि सहनशीलता निर्माण गर्ने र जोखिमको अवस्थाहरू घटाउने सन्दर्भमा पक्ष राष्ट्रहरूले जिजिए मापन गर्न स्पष्ट मापदण्डहरू र सूचकहरू निर्धारण गर्ने विषयमा छलफल गरिरहेका छन् । विशेष गरी वित्तीय स्रोतहरू निर्धारण गर्ने सूचकहरू समावेश गर्ने विषयमा निर्णय हुने आशा रहेको छ । साथै, यसै विषयमा समाबेश हिमालको मुद्दामा नेपालले अन्य हिमाली देशहरुसँग मिलेर आफ्नो प्रष्ट धारणा राखिरहेको छ।

### कार्बन बजारहरूको सुदृढीकरण

जसरी कोप २९वार्ता बाकुमा जारी छ, पेरिस सम्झौताको धारा ६ अन्तर्गत उल्लेखनीय प्रगति भएको छ । यसले कार्बन बजारहरूमा अन्तर्राष्ट्रिय सहकार्यका संयन्त्रहरूको व्यवस्था गर्दछ। धारा ६.४ अन्तर्गत विश्वको कार्बन बजारलाई सञ्चालनमा ल्याउने खाकाको स्वीकृति प्रमुख उपलब्धि भएको छ। यो संयन्त्रले पारदर्शिता बढाउने र कार्बन क्रेडिटहरूले वास्तवमा विश्वव्यापी उत्सर्जन कटौतीमा योगदान पुऱ्याएको सुनिश्चित गर्ने उद्देश्य  राख्छ । यस निर्णयले क्योटो अभिसन्धिको पुरानो स्वच्छ विकास संयन्त्रलाई प्रतिस्थापन गर्दै उत्सर्जन कटौतीको लागि संयुक्त राष्ट्रसङ्घको निगरानीमा बलियो व्यापार प्रणालीको आधार तयार गर्छ। तथापि, यसभित्रका केही अन्य थुप्रै विषयहरुमा छलफलहरु निस्कर्षमा पुग्न अझै बाँकी छ ।

### पारदर्शिता


द्विवार्षिक पारदर्शिता प्रतिवेदन (बिटिआर) ले देशहरूबीच विश्वास निर्माण गर्ने र तिनीहरूको आवश्यकताहरूको पहिचान गर्न सघाउने भएकाले यस्ता प्रतिवेदनलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ भनेर छलफल अगाडि बढेको छ ।  त्यस्तै यही कुरालाई सम्बोधन गर्न अजरबैजानले पारदर्शिता प्रवर्द्धन गर्न नयाँ डिजिटल प्लेटफर्म सुरू गरेको छ। कोप २९ का मुख्य विषयवस्तुहरूमा जलवायु वित्त, महत्वाकांक्षा, न्यायसङ्गत सङ्क्रमण, अनुकूलन र क्षति तथा नोक्सानी, तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सिएससम्म सीमित गर्नका लागि महत्वपूर्ण छन् । यसै लक्षमा सफलता प्राप्तिको लागि गएको कोपको अध्यक्ष, यस कोपका अध्यक्ष र आगामी वर्ष ब्राजिलमा हुने कोपका भावी अध्यक्षको सदस्यतामा गठित ट्रोइकाको मिसन १.५ डिग्री सेल्सिएसको रोडम्याप' ले सामूहिक महत्वाकांक्षालाई जोड दिएको छ। (लेखक विश्व वन्यजन्तु कोषसँग आवद्ध हुनुहुन्छ)रासस




# छारे रोगले निम्त्याउने स्वास्थ्य सङ्कट



डा राजीव झा



हाम्रो मस्तिष्कमा करोडौं स-साना नसाका न्यूरोनहरुको प्रवाह भएको हुन्छ । तिनै नसाले हाम्रो शरीरका जति पनि अङ्गहरु छन्, तिनको सञ्चालन गरेका हुन्छन्। मस्तिष्कलगायत स्नायु प्रणालीका अङ्ग विद्युतीय तरङ्ग जस्तो प्रतिक्रियाबाट चलेको हुन्छ । शरीरका विभिन्न अङ्ग चल्दा पनि फरक फरक विद्युतीय तरङ्गले काम गरेको हुन्छ। शरीर सञ्चालन गर्ने वा रोक्ने तिनै विद्युतीय तरङ्गमा सन्तुलन नभएमा मानिस बेहोस हुने, कुनै अङ्ग नचल्ने वा अन्य असामान्य अवस्था सिर्जना हुने हुन्छ। कतिपय अङ्गका कामहरु हामीले देख्न, अनुभव गर्न सक्छौं भने कतिपय देख्न र अनुभव पनि गर्न सकेका हुदैनौं । केही कारणले त्यो प्रवाहमा अवरुद्ध भयो भने त्यहाँ असामान्य अवस्था हुन्छ र त्यसले अस्वाभाविक तरङ्ग पैदा गर्छ। त्यसले शरीरको कुनै भागमा झड्का हुने वा पूर्ण रुपमा बेहोस हुने गर्दछ, त्यसलाई नै हामी छारेरोग भन्ने गर्छौं। मस्तिष्कको जुन भागको नसामा छारे रोगको असर पर्छ त्यही भागमा लक्षण देखिने गर्दछ।

छारे रोग भनेको मस्तिष्कबाट उत्पन्न हुने एक प्रकारको रोग हो। यस रोगमा मस्तिष्कमा क्षणिक खराबी उत्पन्न हुँदा होस हराउने, लड्ने, बेहोस हुने, कम्पन हुने, चोटपटक लाग्नसक्ने हुन्छ । छारेरोगमा बेहोसै हुनुपर्छ भन्ने छैन । यस्ता बिरामीको कुनै अङ्ग अस्वाभाविक रुपमा चल्ने, आँखा फर्फराउने, कोही बेहोस नै हुने हुन्छन् । कतिपयले जिब्रो टोक्ने, आँखा बाङ्गिने, मुखमा फिज आउने, र्‍याल आउने, ओठ टोक्ने, घाँटी बटार्ने, शरिर काठजस्तै कडा बनाउने गर्छन् । कतिपय क्षणमा दिसा पिसाब समेत नियन्त्रणमा हुँदैन।सामान्यतयाः यस्तो अवस्था २०-३० सेकेण्ड रहन्छ र विस्तारै पहिलेकै अवस्थामा आउँछन्।

नेपालमा कति मानिस यस रोगबाट ग्रसित छन् भन्ने यकिन तथ्याङ्क छैन । विश्व स्वास्थ्य संगठनले कुल जनसङ्ख्याको एक प्रतिशतलाई छारे रोग हुन्छ भनेको छ। त्यस आधारमा नेपालमा साढे तीन लाखभन्दा बढी छारे रोगका बिरामी रहेको अनुमान गर्न सकिन्छ। विश्वभरि ५० मिलियन मानिसलाई छारे रोग छ।त्यसको ८० प्रतिशत समस्या हाम्रो जस्तो देशहरूमा छ। छारेरोग विश्वमा नसासम्बन्धी रोगहरुमध्ये पहिलो स्थानमा रहेको छ। नेपालमा छारेरोग ठूलो जनस्वास्थ्य समस्याको रुपमा रहेको पाइन्छ। छारे रोगकै कारण कतिपय बालबालिकाले बीचमै विद्यालय छाडेका छन् भने कतिपयले रोजगारी गुमाएका छन्। अझ महिलाहरुमा यो जटिलता अझ बढी रहेको पाइन्छ। बिबाह नै नहुने, भइहाले पनि पारिवारिक विचलन आउने गरेको देखिन्छ।

नेपालमा छारेरोग भएकामध्ये ७० प्रतिशत मानिसले उपचारबाट बञ्चित छन् । जबकि, उपचार गरियो भने छारेरोग लागेकामध्ये ७० प्रतिशतको रोग निको हुन सक्छ भने बाँकी ३० प्रतिशत बिरामीले आफूलाई छारेरोग भएको पत्तो नै पाएका छैनन् । उनीहरुलाई औषधिको सेवनबाट रोगलाई नियन्त्रणमा राख्न ससकिन्छ । कतिपय बिरामी चिकित्सकको सम्पर्कमा आउन नचाहने हुन्छन्। अझै पनि गाउँघरमा यसलाई लुकाउने, झारफुक गर्ने जस्ता प्रवृत्ति रहेको छ। कति बिरामीले आफूखुसी औषधि छोड्ने गर्दा पनि रोग निको हुन गाह्रो हुन्छ।यसबारे जनचेतना, विज्ञ र उपचारको सहज पहुँच नुहँदा यो गम्भीर समस्याको रुपमा रहेको छ।

### कस्ता व्यक्तिमा लाग्दछ ?

यो रोग यति नै उमेर समूहको मानिसमा लाग्छ भन्ने छैन, मान्छेको जन्मदेखि अन्तिम अवस्थासम्म पनि छारेरोग हुनसक्छ ।किनकी यो रोग मस्तिष्कको विकारका कारण हुने गर्दछ। खासगरी १२ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहलाई यसले बढी देखिएको छ। कतिपय व्यक्तिमा जन्मजात नै मस्तिष्कमा अनेक दागहरु हुन्छ। बच्चाको दिमागमा अक्सिजन नपुग्ने, दिमागमा जुकाको कारण हुने सङ्क्रमण, क्षयरोग वा प्यारासाइटर भएमा, मस्तिष्क रक्तश्राव वा मस्तिष्कघात हुँदा पानी जमेमा, ट्यूमर भएमा, चोट लागेमा छारेरोग हुने उच्च सम्भावना रहन्छ। यस्ता बिरामीलाई शल्यक्रियाबाट निको पार्न सकिन्छ।

### रोगको उपचार विधि के के छन् ?

यस्ता लक्षणहरूको आधारमा बिरामीको परीक्षण हुन्छ र त्यसकै आधारमा उपचार गरिन्छ। नियमित रूपमा औषधि प्रयोग गरेमा ७० देखि ८० प्रतिशत निको हुन्छ। छारेरोगलाई लापरबाही भने गर्नु हुँदैन। यसले अन्य जटिल अवस्था ल्याउन सक्छ। सामान्यतः छारेरोगले मानिसको ज्यानै लिने नभएपनि यसले बिरामीको व्यक्तिगत, पारिवारिक र सामाजिक रुपमा निकै ठूलो असर पारेको हुन्छ र उनीहरुको व्यक्तित्व विकासमा अवरोध सिर्जना गर्दछ। यस्ता बिरामीलाई एक्लै बाहिर जान नदिने, अन्य व्यक्तिसरह जोखिमपूर्ण काममा नलगाउने जस्ता कारणले उनीहरु थुप्रै अवसरहरुबाट बञ्चित हुनु पर्दछ।

सबैभन्दा पहिले त औषधिबाटै छारे रोगको उपचार गरिन्छ । औषधिको सेवनले पनि निको भएन भने शल्यक्रियामार्फत पनि उपचार गरिन्छ । यसमा दुईवटा परीक्षणबाट रोगको पहिचान गरीशल्यक्रिया गर्न मिल्छ कि मिल्दैन भनेर थाहा पाउन सकिन्छ। पहिलो मस्तिष्कको एमआरआई हो । यसका लागि एमआरआईको प्रोटोकलअनुसारको परीक्षण गरिनुपर्छ । दोस्रो इइजी अर्थात मस्तिष्कको चाल हेर्ने। यी दुवै परीक्षणबाट ७५ देखि ८० प्रतिशत मात्र कारण पत्ता लाग्न सक्छ। अझै २५-३० प्रतिशतमा के कारणले छारेरोग लागेको हो भन्ने थाहा हुन सकेको छैन। यस्ता खालका बिरामीलाई लामो समयसम्म छारेरोगको औषधि खुवाउनुपर्छ। उनीहरुलाई दुई वर्षसम्म औषधि दिएर त्यसको प्रभाव हेरेपछि विस्तारै बन्द गर्ने गरिन्छ। कतिपयमा दोहोरिएको पनि छ। त्यसरी दोहोरिएको अवस्थामा उनीहरुले जीवनभर नै औषधि खानुपर्ने हुन्छ।

औषधिले पनि निको नभए भिएनएस (भेगर्स नर्भ स्टिमुलेशन) प्रविधिबाट उपचार गरिन्छ। भिएनएस भन्नाले एक किसिमको उपकरण हो, जसलाई सामान्य शल्यक्रिया गरी शरिमा जडान गरिन्छ। यो प्रविधि निकै महंगो छ। नेपालमा सामान्यतः यसको मूल्य १३/१४ लाख रुपैया पर्न आउँछ। विश्वमा यस प्रविधिको विकास भएको दुई/तीन वर्ष मात्रै भएको छ भने नेपालमा भित्रिएको छ/सात महिना मात्रै भएको छ। हाल यो सुविधा बीर अस्पताल, अन्नपूर्ण न्यूरो अस्पताल र नर्भिक अस्पतालमा मात्रै उपलब्ध छ। छारेरोगका बिरामीले नियमित औषधि खानुपर्ने भएकाले सरकारले सकेसम्म निःशुल्क उपलब्ध गराउन पहल गर्नुपर्ने, त्यसो नभए पनि केही अनुदान दिन सके विपन्न वर्गका जनतालाई निकै सहज हुने देखिन्छ।

### छारेरोगबाट बच्ने कसरी ?

कुनै पनि रोग लागेपछि उपचार गर्नुभन्दा लाग्नै नदिनु नै सबैभन्दा उपयुक्त बाटो हो। तर यसो भन्दैमा सबै मानिस निरोगी हुन्छन् भन्ने पनि होइन। अन्य रोगजस्तै छारेरोगबाट पनि मानिस ग्रसित हुने गर्दछ। छारेरोगबाटबच्नका लागि केही उपायहरुमा ध्यान दिन सकिन्छ।

- गर्भावस्थामा र बच्चा जन्मिने बेला विशेष ध्यान दिनुपर्छ । यस्तो बेला बच्चाको मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले पछि बच्चा छारेरोगी हुन पुग्छ।
- रक्सीको सेवन गर्ने व्यक्तिमा यो रोग लाग्ने सम्भावना उच्च हुन्छ। रक्सीसेवन गरेपछि जहाँसुकै लड्ने हुँदा मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले छारेरोग हुन सक्छ।
- सवारीसाधन चलाउँदा सावधानीपूर्वक चलाउनुपर्छ। कुनै दुर्घटना हुँदा टाउकोमा चोट लाग्न गएमा रक्तश्राव वा रगत जम्न गई छारेरोग हुने सम्भावना रहन्छ।
- छारेरोगबाट बच्ने अर्को उपाय भनेको पक्षघातबाट बच्नु भनेको पनि हो। त्यसैले पक्षघातबाट बच्न राम्रो खानपान, व्यायाम गर्ने, मोटोपन घटाउनुपर्छ।
- मधुमेह तथा उच्च रक्तचाप हुनबाट बच्न सके पनि छारेरोगको जोखिम धेरै हदसम्म कम हुन्छ।

### अरूको भूमिका कस्तो हुनुपर्छ ?

छारेरोग जोकोहीलाई पनि हुनसक्ने हुँदा उनीहरुलाई नकारात्मक व्यवहार नगरी मित्रवत् व्यवहारको खाँचो पर्दछ। उनीहरुमा उच्च मनोबल ल्याउनुपर्छ। छारे रोगको समस्या भएको मान्छेले त्यसलाई नियन्त्रण गर्न सक्दैनन्। केहीजानी बिरामी ढलेको छ भने उसको वरपर भएको चोट लाग्ने वस्तुलाई हटाइदिनुपछ, ताकी टाउकोमा चोट लाग्न नपाओस् । त्यस्तो अवस्थामा वरपरको व्यक्तिले उसलाई सम्हाल्नुपर्ने हुन्छ । ढलेको व्यक्तिको वरिपरि भीडभाड गरिदिनुहुँदैन। बरु यसलाई सजिलोसँग बस्न वा सुत्न सहज वातावरण मिलाइदिनुपर्छ।

परिवार वा समाजमा कसैलाई छारेरोगको लक्षण देखिएमा चिकित्सककोमा लैजाने वा जाने सल्लाह दिनुपर्छ । जुनसुकै समयमा पनि छारेरोगका बिरामीलाई छोप्ने हुँदा उनीहरुको साथमा परिचयपत्र भएमा आफन्तलाई सम्पर्क गर्न सजिलो हुन्छ। यस रोगका बिरामीलाई सही परामर्शले निको गर्न मद्दत पुग्दछ। मस्तिष्कका कतिपय भाग शल्यक्रिया गर्न नमिल्ने किसिमका हुन्छन्। त्यस्तो ठाउँमा शल्यक्रिया गर्दा रोग निको भए पनि मान्छेको बोली बन्द हुने, कान नसुन्ने, सोच्न नसक्ने जस्ता अनेक समस्या आउन सक्ने भएकाले चिकित्सकले विशेष ध्यान दिनुपर्छ । त्यसैले औषधि, परामर्श र शल्यक्रियाबाट छारे रोगको उपचार हुन्छ ।(वीर अस्पतालको स्नायुरोग विभाग प्रमुख र नर्भिक इन्टरनेसनल अस्पतालको न्युरो सर्जरी विभाग प्रमुख प्रा डा झासँग गरिएको कुराकानीमा आधारित)

# कस्तो छ नेपाल-भारत सैनिक सम्बन्ध ?

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भारतका स्थलसेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीलाई आगामी बिहीबार नेपाली सेनाको 'मानार्थ महारथी'को सम्मान प्रदान गर्दै हुनुहुन्छ । नेपाली सेनाका परमाधिपतिसमेत रहनुभएका राष्ट्रपति पौडेलले सेनाध्यक्ष द्विवेदीलाई मानार्थ महारथीको दर्ज्यानी प्रदान गर्नुहुने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

भारतीय स्थल सेनाध्यक्ष नेपालको पाँच दिवसीय भ्रमणमा यही मङ्सिर ५ गते काठमाडौँ आउने कार्यक्रम छ । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई 'मानार्थ महारथी'को दर्ज्यानी चिह्न प्रदान गर्ने अनुपम परम्परा छ । छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्दता कायम राख्न एउटा महत्वपूर्ण कडीका रुपमा भूमिका खेल्ने विश्वास गरिएको छ ।



**'नेपाल-भारत सैनिक कूटनीति उदाहरणीय'**

**हिमालय थापा, पूर्वउपरथी**

नेपाल र भारतबीच सैनिक सम्बन्ध प्रगाढ छ । यसको संवेदनशीलता र महत्व राजनीतिभन्दा अलग छ । यो सम्बन्ध धेरैअघिदेखिकै हो । पहिलो र दोस्रो विश्वयुद्धदेखि नै नेपाली युवाले गोर्खा सैनिकमा भर्ना भई योगदान दिइरहेका छन् । द्वन्द्वका हिसाबले चुनौती देखिएका ठाउँमा साहासिक र व्यावसायिक विश्वास आर्जन गरेका गोर्खा सैनिक खटाउँदै आएको देखिन्छ । विगतमा भारतीय सेनाले नेपाली सेनाको सङ्गठन पुनःसंरचनामा सघाएदेखि नै दुई देशबीचको सैनिक सम्बन्ध प्रगाढ हुँदै गएको छ । दुई सङ्गठनबीच सम्बन्धमा कहिल्यै चिसोपन देखिन्न ।

विसं २०७२ को भूकम्प भएलगत्तै खोजी, उद्धार र राहतका लागि हेलिकप्टरसहितको जनशक्तिको सहयोग नेपाललाई प्राप्त भएको थियो । दुवै देशका सेना प्रमुखलाई एकअर्को मुलुकले मनार्थ महारथी दिने चलन अनुपम छ । विगतका नाकाबन्दी खुलाउने विषयमा पनि भारतीय सेनाले नेपाललाई सहयोग गरेकै हो । राजनीतिक क्षेत्रबाट कुनै प्रश्न उठेमा सैनिक कूटनीतिका माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ भन्ने उदाहरणका रुपमा त्यसलाई लिन सकिन्छ । नेपाल-भारतबीचको सम्बन्ध बहुआयामिक छ । नेपाल र भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध सैनिक कूटनीतिका क्षेत्रमा संसारकै लागि एउटा सशक्त उदाहरण बनिरहेको छ ।

**'सैनिक सङ्गठनबीचको सहयोग आपसमा फलदायी'**

गौरवकुमार केसी, प्रवक्ता, नेपाली सेना

नेपाली सेनाका प्रधान सेनापति र भारतीय स्थल सेनाध्यक्षमा नियुक्ति भएपछि सेनाप्रमुखका हैसियतले एक-अर्को देशको औपचारिक भ्रमण गर्ने पुरानो प्रचलन र संस्कृति जस्तै बनेको छ । सोही सिलसिलामा भारतीय सेनाध्यक्ष उपेन्द्र द्विवेदी यही मङ्सिर ५ गतेदेखि नेपाल भ्रमणमा आउन लाग्नुभएको छ । नेपाल र भारतबीच भ्रमणका क्रममा एकअर्का मुलुकले मानार्थ महारथी प्रदान गर्ने विशिष्टखाले परम्परा छ । यो प्रचलन अविछिन्नरुपमा चलिआएको छ ।

नेपाल र भारतबीच सैनिक सम्बन्ध मात्र नभई समानखाले सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक र भौगोलिक अवस्थाले पनि जनस्तरमा समेत गहिरो र विशिष्ट सम्बन्ध छ । यसले एकअर्काबीचमा सहयोग, सम्बन्ध र सम्पर्क बलियो तुल्याएको छ । दुवै राष्ट्रका सैनिक सैनिक सङ्गठनबीच विभिन्न तहमा तालिम, अभ्यास र भ्रमण आदान प्रदान निरन्तर हुँदै आएका छन् । नेपाली फौज भारतमा र भारतीय फौज नेपालमा आई गरिँदै आइएको संयुक्त अभ्यासले विश्वमा विकास भइरहेको सैनिक रणनीति तथा अनुभव र ज्ञान साटासाटमा योगदान पुऱ्याएको छ । अर्कातर्फ भारतीय सेनामा ठूलै सङ्ख्यामा नेपाली युवा कार्यरत रहनुले पनि जनस्तरमा समेत एक खाले आत्मियता छ । यसले नेपाल र भारतबीच जनस्तरमा समेत विशिष्ट तथा माथिल्लोस्तरको सम्बन्ध कायम राख्न मलजल गरेको छ । सैनिक सङ्गठनबीच हुने सहयोग, समन्वय, भ्रमण, तालिम, अभ्यास र अन्य गतिविधिले दुवै देशबीचको सम्बन्धलाई फलदायी तुल्याएको छ । प्राकृतिक विपत्ति र प्रकोपका समयमा तत्क्षणमै सहयोग प्राप्त भइरहेको छ ।

**'मानार्थ महारथी' उपाधि छिमेकीबीचको असल अभ्यास'**

**रामचन्द्र खत्री, पूर्वसैनिक सहचारी, नयाँदिल्ली**

भारतीय सेनाको प्राथमिकता ठूला तथा शक्तिशाली देश पर्नेभए तापनि नेपालको विकास र समृद्धि तथा नेपाली सैनिकको क्षमता अभिवृद्धिलाई भारतले उत्तिकै प्राथमिकतामा राखेको छ । दक्षिण एशियाकै पुरानो सङ्गठन नेपाली सेना अन्तर्राष्ट्रियस्तरमा जानकार, साहासिक, व्यावसायिक र अनुशासित भन्ने छिमेकीको बुझाइ रहेको छ । भारतले हरतरहले नेपाली सेनालाई सहयोग गर्न तयार देखिन्छ । सैनिक सम्बन्ध, 'मिलिटरी डिप्लोमेसी' वा सैनिक कूटनीतिक जुन भाषा प्रयोग गरे पनि प्रत्येक देशका सेनाको पहिलो कर्तव्य भनेको राष्ट्रियहित तथा स्वाधीनताको संरक्षण र सम्वर्द्धन नै हो । देशको प्रमुख राष्ट्रिय सुरक्षा अङ्ग सेनालाई परराष्ट्र नीति, सैनिक कूटनीति र राष्ट्रिय सुरक्षा नीतिले दिएको कार्य जिम्मेवारीलाई पूरा गर्ने मुख्य ध्येय हुन्छ ।

सैनिक सहचारीको जिम्मेवारीमा नयाँदिल्लीमा रहँदा भारतीय सेना र नेपाली सेनाबीच सैनिक सम्बन्धलाई सुदृढ तुल्याउनमै भूमिका केन्द्रित रह्यो । कमीकमजोरीलाई हटाउँदै सैनिक सम्बन्धलाई बलियो तुल्याउने विषयमा खबर आदानप्रदान, सम्पर्क स्थापना र समन्वय गर्ने कार्य निरन्तर भयो । कूटनीति, सैनिक, सूचना र आर्थिक राष्ट्रिय हितका महत्वपूर्ण आयाममध्ये सुरक्षा त्यतिकै महत्वपूर्ण पक्ष हो । त्यसआधारमा नेपाल र भारतका सैनिक सङ्गठनले आफ्ना ढङ्गले सम्बन्धलाई अघि बढाइरहेको अवस्था छ । मुलुकको परराष्ट्र नीतिमा पनि राष्ट्रिय सुरक्षालाई सम्वर्द्धन र प्रवर्द्धन गर्ने भनेको छ भने राष्ट्रिय सुरक्षा नीतिले सैनिक कूटनीतिलाई मिल्दोरुपमा संरक्षण गर्ने भन्ने उल्लेख छ । नेपाल र भारतका फौजले सैनिक कूटनीतिका माध्यमबाट जुनसुकै समस्या र उठेका प्रश्न हल गर्न सकिन्छ भन्ने विगतका विभिन्न घटनाबाट पुष्टि भइसकेको छ ।

यसैबीच सैनिक सहचारीलाई सङ्गठनले बेग्लै कार्यादेश दिएको छ । दिल्लीमा रहनेलाई भारतीय सेनाले प्राथमिकतामा राख्दै अन्य सुरक्षा फौजसँग पनि सन्तुलित रुपमा सम्बन्ध कायम गर्नुपर्ने दायित्व रहन्छ । नेपाल र भारतबीच सन् १९५० पछि एकअर्को देशका सैनिक प्रमुखलाई मानार्थ महारथीबाट विभूषित गर्ने परम्परा छ । नयाँदिल्लीमा विभिन्न देशका कूटनीतिक नियोगमा ६० भन्दाबढी सैनिक सहचारी छन् । उनीहरुले नेपाल र भारतका सेना प्रमुखलाई प्रदान गरिँदै आएको 'मानार्थ महारथी' लाई छिमेकीबीचको असल अभ्यासका रुपमा हेर्ने गरेको पाइन्छ । यस्ता प्रचलनलाई अरु देशले पनि आत्मसात् गरिनुपर्ने उनीहरुको भनाइ थियो । छिमेकीबीचमा अटल सैनिक सम्बन्ध विस्तारमा यस्तो संस्कृतिको ठूलो भूमिका रहन्छ । दुवै देशले मानार्थका विषयलाई उत्तिकै महत्व दिँदै आएका छन् । भारतीय सेनाले भौतिक पूर्वाधारका अतिरिक्त तालिम, अभ्यास, प्रविधि हस्तान्तरण र स्वास्थ्य क्षेत्रमा समेत नेपाली सेनालाई सहयोग गरिरहेको छ ।

आपसी सहमतिमा नेपाली सेनालाई क्षमता अभिवृद्धिका लागि तालिम र भौतिक सामग्री बेग्लै विधिद्वारा उपलब्ध गराउँदै आएको छ । नेपाली सेनालाई आवश्यकपर्ने सैन्य रणकौशल (ट्याक्टिकल), 'अप्रेशनल' र रणनीतिक तहका व्यवसायिक तालिममध्ये राष्ट्रिय प्रतिरक्षा तालिम (एनडिसी) मा भारतले उपलब्ध गराउने 'कोटा'मा नेपाललाई प्राथमिकता दिँदै आएको छ । नेपाल र भारतीय सेनाबीचको सहकार्यलाई अघि बढाउने सन्दर्भमा दुवै मुलुकबीच नियमित बैठक हुँदै आएका छन् । गुणस्तरमै नियमित एक-अर्का देशमा हुँदै आएको 'अभ्यास सूर्यकिरण'ले पछिल्ला वर्षमा सैनिक सङ्गठनबीचको सम्बन्ध सुदृढ तुल्याउन कोशेढुङ्गाको काम गरेको छ । दुवै देशका सेना सम्मिलित 'माउण्ट एभरेष्ट आरोहण' पनि विगतमा भएको थियो । नेपालमा विभिन्न तहका लागि सञ्चालित संयुक्त राष्ट्र सङ्घीय शान्ति कार्य, आर्मी कमाण्ड तथा स्टाफ कलेज, अधिकृत आधार, माउण्टेन बारफेयर, जङ्गल बारफेयर र प्यारा बेसिक तालिममा भारतीयसहित १५ भन्दाबढी देशका सैनिक सम्मिलित हुँदै आएका छन् ।

दुवै सेनालाई चाहिने तालिम र अरु आवश्यक सामग्री व्यवस्थापन गर्न बेग्लै नीतिगत व्यवस्था बनाउनुपर्ने तथा पूर्वसैनिक प्रमुखबीच निरन्तर छलफल, भेटघाट र भ्रमण आदानप्रदान गर्न बलियो प्रणाली बेलाबखत अभाव खड्केको छ । यस्ता क्रियाकलापले दुवै सङ्गठनबीच विश्वास र सहयोगका लागि योगदान पुऱ्याउँछ ।

(नेपाल-भारत सैनिक सम्बन्ध र एकअर्का देशका सेना प्रमुखलाई प्रदान गरिने 'मानार्थ महारथी' उपाधिका सन्दर्भमा केन्द्रित रही नेपाली सेनाका प्रवक्ता केसी, पूर्वउपरथी थापा र सहायकरथी खत्रीसँग राससले गरेको कुराकानीमा आधारित)रासस

# दुर्घटना न्यूनीकरणका लागि संवेदनशील र जिम्मेवार भएर लाग्न गृहमन्त्री लेखकको निर्देशन

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सवारी दुर्घटना न्यूनीकरणका लागि सबै निकायलाई संवेदनशील र जिम्मेवार भएर लाग्न निर्देशन दिनुभएको छ ।



सिंहदरबारस्थित गृह मन्त्रालयमा आइतबार सवारी दुर्घटना जोखिम न्यूनीकरण सम्बन्धमा आयोजित छलफलमा उहाँले यात्रुवाहक सवारी साधनमा क्षमताभन्दा बढी यात्रु बोक्न नदिन, तीव्र गतिमा सवारी चलाए कानुनबमोजिम जरिवाना र कारबाही गर्न, सवारी चालक अनुमतिपत्र वितरण प्रक्रिया कडाइका साथ लागू गर्न र सडक सुधारका कार्यमा सक्रियताका साथ लाग्न सरोकार भएका निकायलाई निर्देशन दिनुभएको हो ।

बैठकपछि सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिनुहुँदै गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले सडक सुरक्षामा ध्यान दिएर दुर्घटना न्यूनीकरणका लागि सरोकार भएका निकायसँग गहन छलफल भएको बताउनुभयो । "यात्रुवाहक सवारी साधनमा मालसामान नबोक्न र मालवाहक सवारी साधनमा यात्रु नबोक्न मन्त्री लेखकले आग्रह गर्नुभएको छ", प्रवक्ता तिवारीले भन्नुभयो, "लामो दूरीका सवारी साधनमा दुईवटा चालक, यात्रुवाहक बसहरूमा टिकट अनिवार्य गरे/नगरेको विषयमा तत्काल जाँच गरेर लागू गर्न पनि निर्देश भएको छ ।"

मन्त्री लेखकले जोखिम रहेका सडक तथा राजमार्गहरू तत्काल मर्मतसम्भारमा ध्यान दिन पनि सम्बन्धित मन्त्रालयका अधिकारीहरुलाई आग्रह गर्नुभएको थियो । "जोखमपूर्ण सडकको तत्काल मर्मत गर्न सम्बद्ध पक्ष र क्षमताभन्दा बढी यात्रु बोक्ने सवारीलाई तत्काल कारबाहीको दायरामा ल्याउन प्रहरीलाई निर्देशन दिइएको छ", प्रवक्ता तिवारीले भन्नुभयो, "ट्राफिक नियम उल्लङ्घन गर्ने यातायातलाई कारबाही गर्दा यातायात व्यवसायीले पनि सहयोग गर्नुपर्नेमा यातायात व्यवसायीलाई आग्रह गरिएको छ ।"

बैठकमा सहभागीहरूले प्रविधिमैत्री यातायात क्षेत्रको विकासका साथै ट्राफिक व्यवस्थापनमा पनि आधुनिक प्रविधिको प्रयोग गर्न जोड दिइएको प्रवक्ता तिवारीले जानकारी दिनुभयो ।

बैठकमा मन्त्री लेखकसँगै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मा, नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, नेपाली सेनाका उपरथी प्रेमध्वज अधिकारी, यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेल, सडक विभागका सिडिई राकेश महर्जन, नेपाल यातायात व्यवसायी महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँर, वरिष्ठ उपाध्यक्ष सरोज सिटौला लगायतको सहभागिता रहेको थियो ।रासस

# स्थानीय तह उपनिर्वाचनका लागि मनोनयन सम्पन्न

काठमाण्डु । यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयनपत्र दर्ता भएको छ ।

बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुने निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो ।

उम्मेदवारको मनोनयन दर्ताको सम्पूर्ण तयारी पूरा भएको र आइतबारै साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने आयोगले जनाएको छ । उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यालय स्थापना भएका छन् । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतका कार्यालय र छवटा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएका निर्वाचन आयोगले जनाएको छ ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता पोखरेलले जानकारी दिनुभयो । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिनसक्ने छन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।रासस

# मलेसियाको वन मन्त्रालयका कर्मचारीलाई उद्धार तालिम

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको पर्वतीय प्रशिक्षण प्रतिष्ठानले मलेसियाको वन मन्त्रालयमा कार्यरत २१ कर्मचारीलाई उद्धार तालिम प्रदान गरेको छ ।

प्रतिष्ठानले मलेसियन सरकारको सहयोगमा ललितपुरको गोदावरी र भक्तपुरको नगरकोटमा नौ दिने उद्धार तालिम प्रदान गरेको हो । उक्त तालिममा सहभागी कर्मचारीलाई आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले प्रमाणपत्र वितरण गर्नुभयो ।




कार्यक्रममा ऊर्जामन्त्री खड्काले प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल पर्वतीय पदयात्राका लागि उत्कृष्ट गन्तव्य भएको बताउनुभयो । उहाँले सुरक्षित र दिगो हिमाली पर्यटन सुनिश्चित गर्न तथा दक्ष जनशक्ति उत्पादनमा पर्वतीय प्रशिक्षण प्रतिष्ठानले खेलेको भूमिका महत्वपूर्ण भएको बताउनुभयो । तालिमले दीर्घकालीन पर्यटन विकासमा सहयोग पुग्ने मन्त्री खड्काको भनाइ थियो ।


मन्त्री खड्काले यस्ता तालिमले नेपाल र मलेसियाबीचका सम्बन्धलाई थप सुदृढ बनाएको बताउनुभयो । यस्ता पहलले हिमाली पर्यटन प्रवर्द्धन मात्र होइन अन्तर्राष्ट्रिय सहयोगलाई समेत बढावा दिने मन्त्री खड्काले बताउनुभयो । उहाँले भविश्यमा पनि यस्ता सहकार्य गर्न नेपाल तयार रहेको उल्लेख गर्नुभयो ।

विसं २०५८ मा स्थापना भएको प्रतिष्ठानले हालसम्म पाँच हजारभन्दा बढीलाई पर्वतीय पदयात्रा तालिम प्रदान गरिसकेको प्रतिष्ठानका अध्यक्ष उङ्दी छिरिङ शेर्पाले जानकारी दिनुभयो । साहसिक पर्यटनमा स्नातककोत्तरसम्मको अध्यापन गराउँदै आएको प्रतिष्ठानले 'स्पेशल रेस्क्यु' तालिमसमेत गराउँदै आएको छ ।

उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक अर्जुन राई, क्याम्पस प्रमुख शिवप्रसाद जैसी र नेपालस्थित मलेसियाका राजदूतावासका कर्मचारीको सहभागिता रहेको थियो ।रासस

# पूर्वसभामुख ढुङ्गानाको निधन

काठमाण्डु । पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधन भएको छ । बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा उपचारका क्रममा ८३ वर्षको उमेरमा उहाँको आइतबार दिउँसो १:३० बजे निधन भएको ढुङ्गानाका स्वकीय डा रुद्र शर्माले जानकारी दिनुभयो ।



वरिष्ठ अधिवक्ता समेत रहनुभएका ढङ्गाना कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत हुनुहुन्थ्यो । विसं २०४८ सालमा काठमाडौँ क्षेत्र नं २ बाट नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधिसभामा निर्वाचित उहाँ २०४८ देखि २०५१ सम्म सभामुख हुनुभएको थियो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान दिनुभएका उहाँ राजनीतिक आन्दोलनका क्रममा पटक-पटक जेल पनि पर्नुभएको थियो । उहाँका श्रीमति, दुई छोरा र एक छोरी हुनुहुन्छ । ढुङ्गानाको सोमबार अन्त्येष्टि गरिने स्वकीय शर्माले जानकारी दिनुभयो ।

**प्रधानमन्त्री ओलीद्वारा श्रद्धाञ्जली**

प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । आइतबार सामाजिक सञ्जालमार्फत उहाँले ढुङ्गानाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकमा रहनुभएका परिवारमा गहिरो समवेदना प्रकट गर्नुभएको छ ।

"विसं २०४६ मा प्रजातन्त्र पुनःस्थापना भएपछि निर्वाचित पहिलो प्रतिनिधिसभाका सभामुख, मेरा मित्र दमननाथ ढुङ्गानाको निधनको खबरले अत्यन्त दुःखी छु । नेपालमा मानव अधिकार रक्षाको आन्दोलन र संसदीय अभ्यासको प्रवर्द्धनमा उहाँको योगदान सम्झिरहेको छु", प्रधानमन्त्रीले भन्नुभएको छ ।

राष्ट्रपतिद्वारा श्रद्धाञ्जली

राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ । आइतबार सामाजिक सञ्जालमार्फत उहाँले ढुङ्गानाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल रहनुभएका परिवारमा समवेदना प्रकट गर्नुभएको छ ।

"पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधनले मर्माहत भएको छु, राजनीतिकर्मी, वरिष्ठ अधिवक्ता, नागरिक अगुवाको पहिचान बनाउनुभएका ढुङ्गानाले लोकतान्त्रिक आन्दोलनमा पुऱ्याउनुभएको योगदान सधै स्मरण हुनेछ, प्रिय ढुङ्गानाप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु", राष्ट्रपतिले भन्नुभएको छ । राष्ट्रपति पौडेलले नेपालको संवैधानिक र संसदीय इतिहासमा ढुङ्गानाको योगदान विशिष्ट रहेको स्मरण गर्नुभएको उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

प्रधानन्यायाशीध राउतद्वारा श्रद्धाञ्जली

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले पूर्वसभामुख दमननाथ ढुङ्गानाप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । प्रधानन्यायाधीश राउतले महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पुगेर ढुङ्गानाप्रति श्रद्धाञ्जली प्रकट गर्नुभएको हो ।

वरिष्ठ अधिवक्ता समेत रहनुभएका ढुङ्गानाको पार्थीव शरीर त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालस्थित शवगृहमा राखिएको स्वकीय डा रुद्र शर्माले जानकारी दिनुभयो । ढुङ्गानाको भोलि अन्त्येष्टि पशुपति आर्यघाटमा गरिने शर्माले बताउनुभयो ।

ढुङ्गानाको बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा उपचारका क्रममा ८३ वर्षको उमेरमा आइतबार दिउँसो १:३० बजे उहाँको निधन भएको हो । मानव अधिकारकर्मी तथा नागरिक समाजका अगुवा ढुङ्गाना कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत हुनुहुन्थ्यो ।रासस

# श्रीलङ्कामा एनपिपी पार्टीले जितेकामा एमालेको बधाइ

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले श्रीलङ्कामा हालै सम्पन्न संसदीय निर्वाचनमा नेशनल पिपुल्स पावर (एनपिपी) पार्टीले दुई तिहाइ बहुमत हासिल गरेकामा बधाइ ज्ञापन गरेको छ ।

एमालेका महासचिव शङ्कर पोखरेलले आइतबार विज्ञप्ति जारी गर्दै संसदीय निर्वाचनमा एनपिपी पार्टीको विजयले श्रीलङ्कामा राजनीतिक स्थायित्व, आर्थिक सुधार, सामाजिक न्याय तथा आत्मनिर्भरता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभएको छ ।

बिहीबार (यही १४ नोभेम्बर) मा भएको निर्वाचनमा एनपिपी पार्टीले दुई सय २५ स्थानमध्ये एक सय ५९ स्थानमा जीत हासिल गरेको थियो ।रासस

# मन्त्री यादवद्वारा खानेपानीका पाइप फुटेका ठाउँमा जडान गर्न निर्देशन

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौँ उपत्यकामा खानेपानीका पाइप फुटेका ठाउँमा नयाँ पाइप जडान गरी पानी सञ्चालन गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

मेलम्चीको पानी वितरण भइरहेका कतिपय ठाउँका पाइपलाइन धमाधम फुट्न थालेको र त्यहाँबाट पानी बगेर खेर गइरहेको जानकारी आएपछि मन्त्री यादवले आज मातहतका सम्पूर्ण निकायलाई तत्काल फुटेका पाइप नयाँ जडान एवं मर्मत गरी पानी सञ्चालन गर्न निर्देशन दिनुभएको हो ।

यसैगरी मन्त्री यादवले पछिल्लो समय खानेपानीका पाइप फुटेका र मर्मत नभएका कारण नागरिकका घरमा पानी



पुग्न नसकेको गुनासो आएको बताउँदै उहाँले भन्नुभयो, "जहाँ पाइप फुटेका छन् तत्काल मर्मत गरी पानी सञ्चालन गर्नुस्, जनताका धारामा पानी जान बन्द नहोस् ।"उहाँले पाइप फुटेका ठाउँहरुमा नयाँ पाइप जडान गरी पानी सञ्चालनका लागि निर्देशन दिनुका साथै प्रत्येक वडामा गएर पानी आए नआएको तथा कहाँकहाँ पाइप फुटेको छ त्यो विषयमा स्थलगत अनुगमन गर्नसमेत निर्देशन दिनुभयो । उहाँले मन्त्रालयले काठमाडौँ उपत्यकावासीका लागि २५ करोड लिटर र ५० लाख लिटर थप पानी आपूर्तिका लागि 'ट्रिटमेन्ट प्लान्ट' बनाउन ठेक्का आह्वान गरिसकेको जानकारी दिनुभयो ।रासस

# भारतीय प्रहरी र नक्सलवादी समूहबीचको झडपमा पाँच विद्रोहीको मृत्यु

एएफपी

रायपुर । भारतको छत्तीसगढ राज्यमा भारतीय प्रहरी र नक्सलवादी समूहबीच भएको झडपमा पाँच विद्रोहीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

छत्तीसगढ राज्यको अबुझमाड जंगलमा शनिबार सशस्त्र झडप भएको र झडपका क्रममा पाँच नक्सलवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बताएको छ । यससँगै सन् २०२४ मा भएको द्वन्द्वमा ज्यान गुमाउनेको सङ्ख्या २०० को हाराहारीमा पुगेको छ ।सीमान्तकृत आदिवासीको अधिकारका लागि लडिरहेको बताउने नक्सलवादी आन्दोलन भनेर चिनिने विद्रोहमा १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ ।

"सशस्त्र झडपमा पाँच माओवादी मारिएका छन्,' वरिष्ठ प्रहरी अधिकारी पी. सुन्दरराजले एएफपीसँग भन्नुभयो । मारिनेमा दुई जना महिला भएको उहाँले बताउनुभयो । काङ्केर र नारायणपुरको सिमानामा पर्ने क्षेत्रमा प्रहरीले शवबाट राइफल र गोलीगट्ठा बरामद गरेको थियो ।झडपमा परी दुई प्रहरी घाइते भएका छन् ।भारत सरकारका गृहमन्त्री अमित शाहले यसैमहिना (सेप्टेम्बर) मा सन् २०२६ को सुरुसम्ममा विद्रोही परास्त हुने बताउनुभएको थियो ।



सन् १९६७ मा सशस्त्र अभियान सुरु भएको जिल्लाको नामबाट नामाकरण गरिएका नक्सलवादीहरू चिनियाँ कम्युनिष्ट नेता माओत्सेतुङबाट प्रेरित थिए।उनीहरूले स्थानीय जनताका लागि भूमि, रोजगारी र यस क्षेत्रको अथाह प्राकृतिक स्रोतको हिस्साको माग गर्दै धेरै दुर्गम समुदायहरूमा प्रवेश गरेका थिए ।सन् २०१० मा ९६ जिल्लामा विद्रोह भएकोमा सन् २०२३ मा भारतले करिब ४५ जिल्लामा सीमित भएको दाबी गरेको छ ।

# पूर्णिमाको दिन विश्वभरि कस्ता पर्व मनाइन्छन् ?

बीबीसी

काठमाण्डु । प्रत्येक २९ दिनमा हाम्रो आकाशमा पूर्ण आकारको चन्द्रमा देखिन्छ। जब पृथ्वीको पछाडिपट्टिबाट सीधै सूर्यको प्रकाश चन्द्रमामा पर्छ यसको पूरा आकार उज्यालो हुन्छ।

शुक्रवार देखिएको चन्द्रमा अरू पूर्णिमाका दिन देखिने भन्दा केही भिन्न थियो।यो "सुपरमुन"का चार शृङ्खलामध्ये अन्तिम थियो जसमा नियमित पूर्णिमा भन्दा चन्द्रमा १४ प्रतिशत ठूलो र ३० प्रतिशत थप उज्यालो देखिएको थियो।'सुपरमुन' वर्षमा तीन वा चार पटक मात्रै देखिन्छ र सधैँ लगातारका पूर्णिमाहरूमा देखा पर्छ। विश्वभरि संस्कृति र परम्परासँग पूर्णिमाका दिन देखिने पूर्णचन्द्रको ठूलो भूमिका छ।



हामी यसबारे केही मिथक, गतिविधि र त्यससँग सम्बन्धित अर्थबारे यहाँ चर्चा गर्नेछौँ। हरेक महिना एक पटक खुम्चिँदै जाने र फेरि पूर्ण आकारमा फर्किने चन्द्रमाको लय आदिम समयदेखि नै समयको हिसाब राख्न प्रयोग हुँदै आएको थियो।सन् १९५७ मा डीआर कङ्गोमा भेटिएको इशाङ्गो हड्डीलाई नै उदाहरणका रूपमा लिन सकिन्छ।लङ्गुर प्रजातिको बबुनको पिँडुलाको ठानिएको यो हड्डी २०,००० वर्ष भन्दा पुरानो भएको पहिचान गरिएको छ। यसलाई पात्रोको सबैभन्दा प्रारम्भिक स्वरूप भएको विश्वास गरिन्छ।

एक जना बेल्जिअन भूगर्भविद्ले पत्ता लगाएको यो हड्डीमा विशिष्ट खोप पाइन्छन्।तीमध्ये केही गोलाकार र केही आंशिक गोलाकार छन्। हार्वड विश्वविद्यालयका एक जना पुरातत्त्वविद्ले यसले चन्द्रमाका विभिन्न चरणहरूको प्रतिनिधित्व गर्ने र उक्त हड्डी छ महिनाको चन्द्र पात्रो बनाउन प्रयोग भएको हुन सक्ने बताएका छन्।पूर्ण आकारको चन्द्रमालाई 'हार्भेस्ट मुन' अर्थात् बाली भित्र्याउने चन्द्रमा नाम दिइएको छ।

यो सेप्टेम्बर महिनाको अन्त्य वा अक्टोबरको सुरुमा पर्ने शरद् ऋतुको आसपास देखा पर्छ।यस बेला समयमा घाम अस्ताउने बित्तिकै चन्द्रमा उदाउँछ। त्यसैले बाली भित्र्याउने हतारोमा रहेका किसानहरूले चन्द्रमाको प्रकाशमा साँझ अबेरसम्म पनि काम गर्न पाउँछन्।अहिलेको समयमा त पक्कै पनि मानिसहरूले विद्युतीय बत्तीहरू प्रयोग गर्छन्। हिन्दू संस्कृतिमा पूर्णचन्द्रको दिनलाई पूर्णिमा भनिन्छ।

यो दिन व्रत बस्ने र पूजापाठ गर्ने प्रचलन हिन्दू समुदायहरूमा छ।हिन्दू पात्रोअनुसार कार्तिक महिनाको अन्त्यमा पर्ने यो पूर्णिमाको दिन नदीहरूमा नुहाएर कार्तिक स्नान समाप्त गर्ने प्रचलन छ।यो दिनलाई त्रिपूरासुर राक्षसमाथि भगवान् शिवको विजय र विष्णुको मत्स्य अवतार धारण गरेको दिनमा रूपमा पनि मनाउने चलन छ। यो दिन बत्ती बालेर उज्यालो बनाउने पनि प्रचलन हिन्दूहरूमा छ।

बौद्ध धर्मावलम्बीहरूले भगवान् बुद्ध २५०० वर्षअघि पूर्णिमाकै दिन जन्मिएको विश्वास गर्छन्।बुद्धले पूर्णिमाकै दिन बुद्धत्व प्राप्त गरेको र उनको मृत्यु पनि पूर्णिमाकै दिन भएको उनीहरूको विश्वास छ।यी घटनाक्रमहरूलाई बुद्ध पूर्णिमाको रूपमा मनाउने गरिन्छ। बुद्ध पूर्णिमा चाहिँ वैशाख पूर्णिमा अर्थात् अप्रिल वा मे महिनामा पर्छ।

मुस्लिमहरूलाई पनि पूर्णिमाको समयमा तीन दिन व्रत बस्न सिफारिस गर्ने गरिन्छ। यसलाई सेतो दिन वा अल-आयूयाम अल-बिदका रूपमा चिनिन्छ।अँध्यारा रातहरूलाई उज्यालो बनाइदिएकोमा अल्लाहलाई धन्यवाद दिन पैगम्बर मोहम्मदले यी दिनहरूमा व्रत बसेको विश्वास गरिन्छ।क्रिश्चियन धर्ममा पनि इस्टर पूर्णचन्द्रसँग जोडिएको छ। यो चाड वसन्त ऋतुमा दिनरात बराबर हुने दिनपछि आउने पूर्णिमा पछिको पहिलो आइतवार मनाइन्छ।

इन्डोनेसियाको बालीमा पूर्णचन्द्रको दिनलाई 'पूर्णमा' भनिन्छ।यो दिन देवी र देउता मानिसहरूलाई आशीर्वाद दिन पृथ्वीमा आएको विश्वास गरिन्छ।यो दिन पूजापाठ गर्ने, प्रसादहरू चढाउने र बगैँचामा फलफूलका रुखहरू रोप्ने चलन इन्डोनेसियाको यो टापुमा छ। श्रीलङ्कामा हरेक महिनाको पूर्णिमामा सार्वजनिक बिदा दिइन्छ। पोया भनिने यो दिन मासु र रक्सीको बिक्री निषेध गरिएको छ।चीनमा मध्य शरद् ऋतुमा 'जोङ् चू जिअ' पर्व मनाइन्छ।

यसको अर्थ पूर्णचन्द्र पर्व पनि हो र यो बाली भित्र्याउने समयको यो पूर्णिमाका दिन चीनमा सार्वजनिक बिदा दिइन्छ। तीन हजार वर्ष पुरानो यो चाड र प्रशस्त बाली फल्ने अपेक्षा सहित मनाइन्छ। कोरियामा पनि चीनमा जस्तै कार्तिक पूर्णिमा अर्थात् 'हार्भेस्ट मुन'कै समयमा तीन दिन चुसीओक पर्व मनाइन्छ।यो दिन परिवारका सबै जना भेला भएर बाली भित्र्याउने समयको उत्सव मनाउँछन् र आफ्ना पुर्खाहरूप्रति कृतज्ञता जनाउँछन्।

मेक्सिकोसहित अन्य ल्याटिन अमेरिकी देशहरूमा पनि यो दिन महिलाहरूले चन्द्र नाच गर्छन् र पूजा र नाच सहितको तीन दिनको पर्व मनाइन्छ। युरोपमा प्राचीन कालमा पूर्णचन्द्रको दिन मानिसहरूमा पागलपन आउने विश्वास गरिन्थ्यो।पागलपन अर्थात् 'लुनासी' शब्द ल्याटिन भाषाको चन्द्रमा अर्थात् 'लुना' बाट व्युत्पत्ति भएको हो।पूर्णचन्द्रको दिन मानिसहरू एक प्रकारको ब्वाँसो बनेर समुदायमा तर्साउँदै हिँड्ने विश्वास पनि गरिन्थ्यो।

इशापूर्व चौथो शताब्दीमा एक जना ग्रीक इतिहासकारले अहिलेको रुसमा पर्ने एक ठाउँका मानिसहरूको एक प्रजाति वर्षका कैयौँ दिन ब्वाँसोमा परिणत हुने दाबी गरेका थिए।युरोपमा १५औँ र १७औँ शताब्दीमा कैयौँ मानिसहरूले ब्वाँसोमा परिणत हुने प्रयास पनि गरेका थिए।सन् १५८९ मा जर्मनीका एक जना जमिनदार ब्वाँसोबाट मानिसमा परिणत भएको आफूहरूले देखेको स्थानीय सिकारीहरूले दाबी गरेका थिए।

यातना दिइएपछि उनले आफूसँग एउटा जादुमयी पेटी रहेको र त्यसले आफूलाई 'वेरउल्फ' भनिने एक प्रकारको ब्वाँसो बनेर मानिसहरूको सिकार गर्ने क्षमता विकास हुने बताएका थिए। केही पूर्णचन्द्रले निद्रा बिथोल्छ भन्ने विश्वास गर्छन्।अध्ययनहरूले पूर्णिमाका बेला वा त्यसको आसपास मानिसहरूलाई निदाउन समय लाग्ने, गहिरो निद्रामा धेरैबेर पर्न नसक्ने, थोरै समय मात्र निदाउने र मेलाटोनिन हर्मनको मात्र उनीहरूको शारीरिक प्रणालीमा कम हुने देखाएका छन्। उक्त हर्मनले मानिसहरूलाई सुत्नका लागि सहायकको भूमिका खेल्छ।

यस्ता अध्ययनहरूमा संलग्न भएका मानिसहरू कतैबाट प्रकाश नछिर्ने अध्यारो कोठामा सुत्दा पनि सन्तुष्ट हुनेगरी पूरा ननिदाएको बताउँछन्।त्यस्तो स्थानमा उनीहरूको निद्रालाई प्रकाश वा पूर्ण आकारको चन्द्रमाका कारण बिथोल्ने अवस्था हुँदैन तर पनि उनीहरूले निद्रा कम लागेको अनुभव गर्छन्।

केही मालीहरू पूर्णिमाका रातमा वनस्पति तथा फूलहरूका बिउँ वा बेर्ना रोप्ने गर्छन् ।

जसरी बालीवासीहरू पूर्णिमाको दिन गर्छन् त्यस्तैगरी उनीहरू चन्द्रमाका कारण माटोको गुणस्तर बढ्ने ठान्छन्।पूर्णचन्द्रका बेलामा चन्द्रमाको गुरुत्वाकर्षण बलले पृथ्वीको एक छेउलाई तान्छ भने अर्कोतर्फ सूर्यको त्यस्तै बलले अर्कोतर्फ तानिरहेको हुन्छ।त्यसले गर्दा अधिक ज्वारभाटा उत्पन्न हुने र पृथ्वीको सतहमा आद्रता पनि बढ्छ।

यूकेको ब्राडफोर्डमा सन् २००० मा भएको एउटा अध्ययनअनुसार पूर्णचन्द्रका बेलामा जनावरहरूले टोक्ने सम्भावना पनि बढी हुन्छ।सन् १९९७ देखि १९९९ मा जनावरहरूले टोकेका कारण अस्पतालमा आउने बिरामीको संख्याको तुलना गरेर त्यो अध्ययन गरिएको थियो।उक्त अध्ययनअनुसार पूर्णिमा वा त्यसको आसपासमा जनावरहरूले टोकेर अस्पताल आउने बिरामीको संख्या निकै बढेको देखिएको थियो।

# डोनल्ड ट्रम्पको जितमा युक्रेनी राष्ट्रपति जेलेन्स्कीले देखेको युद्ध 'छिटो अन्त्य हुने' सङ्केत

बीबीसी

काठमाण्डु । युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले अमेरिकाको राष्ट्रपतिमा डोनल्ड ट्रम्प विजयी भएसँगै अब रुससँगको युद्ध अन्यथा अवस्थामा भन्दा "छिटो अन्त्य" हुने कुरामा आफू ढुक्क रहेको बताएका छन्।अमेरिकी चुनावमा ट्रम्पको विजयपछि आफूहरूबीच फोनमा कुराकानी हुँदा "रचनात्मक संवाद" भएको उनको दाबी छ।रुससँगको वार्ताका लागि ट्रम्पले कुनै माग राखेनराखेकोबारे केही नबताए पनि ट्रम्पले युद्धबारे युक्रेनको अडानभन्दा विपरीत हुने गरी कुनै कुरा गरेको आफूले नसुनेको जेलेन्स्कीले बताए।



रुस-युक्रेन युद्धमा अमेरिकी भूमिका

ट्रम्पले युद्धको अन्त्य आफ्नो प्राथमिकतामा रहेको बारम्बार बताएका छन्। सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि सुरु गरेको पूर्णस्तरीय आक्रमणपछि सुरु भएको युद्धमा किएभलाई सैन्य सहायताका रूपमा दिइएको अमेरिकी स्रोतसाधन नाश भएको उनको भनाइ छ। केही महिनाअघि अमेरिकाको संसद्को तल्लो सदन हाउस अफ रिप्रिजेन्टटिभ्सले युक्रेनलाई ६१ अर्ब अमेरिकी डलरबराबरको सैन्य सहायता प्याकेज दिन स्वीकृति दिएको थियो।

अमेरिका युक्रेनलाई सबैभन्दा धेरै हातहतियार उपलब्ध गराउने देश पनि हो। युद्ध सुरु भएदेखि सन् २०२४ को जुनसम्ममा युक्रेनलाई उसले ५५.५ अर्ब अमेरिकी डलरबराबरको हातहतियार तथा उपरकण उपलब्ध गराएको जर्मन अनुसन्धान संस्था कील इन्स्टिच्यूट अफ वर्ल्ड ईकनमिक्सले जनाएको छ।तर युद्ध सुरु भएदेखि नै अमेरिकामा नागरिकस्तरमा भने युक्रेनलाई हतियार सहयोग गर्ने नीतिप्रतिको समर्थन भने घट्दै भएजस्तो देखिन्छ। ट्रम्पतर्फ आकर्षित भएका रिपब्लिकन मतदाताहरूमाझ अझ बढी असन्तुष्टि छ।

**'एक दिनमै युद्ध अन्त्य' गर्ने वाचा**

आफ्ना चुनावी अभियानहरूमा रिपब्लिकन उम्मेदवार ट्रम्पले "एक दिनमै" युद्ध अन्त्य गरिदिने कुरा बारम्बार दोहोऱ्याएका थिए। तर युद्ध अन्त्य गर्ने उनको रणनीति के हुन्छ भन्ने अझै स्पष्ट भइसकेको छैन।

यद्यपि त्यसैप्रति आशावादी हुँदै जेलेन्स्कीले एक युक्रेनी सञ्चारमाध्यमलाई दिएको अन्तरवार्तामा भनेका छन्, "अब ह्वाइट हाउसको नेतृत्व गर्ने टोलीको नीतिले छिटो युद्ध अन्त्य गर्ने कुरा निश्चित छ। यो उनीहरूको दृष्टिकोण र उनीहरूले आफ्ना नागरिकप्रति गरेको वाचा हो। ""यस युद्धलाई आगामी वर्ष कूटनीतिक माध्यमबाट अन्त्य गर्नका लागि" युक्रेनले पनि "सबै थोक" गर्ने उनले बताए।युक्रेनभित्र र बाहिर पनि युद्धबाट मानिसहरू थकित भइसकेको भनाइकाबीच जेलेन्कीले समस्याको "कूटनीतिक समाधान"मा जोड दिएका हुन्।

**ट्रम्प-जेलेन्स्की सम्बन्ध**

यद्यपि युद्धको कूटनीतिक समाधान कस्तो हुन्छ भन्ने कुरा स्पष्ट छैन। जेलेन्स्कीले रुसले सन् २०१४ देखि कब्जा गरेको क्राइमियालगायत कुनै पनि युक्रेनी क्षेत्र नछाड्ने बताएका छन्।विगतमा ट्रम्प र जेलेन्स्कीको सम्बन्ध उतारचढावपूर्ण रहँदै आएको छ। तर ट्रम्पले पनि जेलेन्स्कीसँग आफ्नो "एकदमै राम्रो सम्बन्ध" रहेको बताउने गरेका छन् । गत सेप्टेम्बर महिनामा न्यूयोर्कमा जेलेन्स्कीलाई भेट्दा ट्रम्पले आफूले उक्त भेटघाटमा धेरै कुरा थाहा पाएको र अब आफूले युद्धको एकदमै छिटो समाधान गर्ने बताएका थिए।तर ट्रम्पका डेमोक्र्याट आलोचकहरूले भने उनलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग नजिक हुन खोजेको आरोप लगाउँदै आएका छन्। उनीहरूका अनुसार ट्रम्प युक्रेनलाई आत्मसमर्पण गराएर युद्ध अन्त्य गराउन चाहन्छन् तर त्यसले सिङ्गो युरोपलाई खतरामा पार्ने छ।

**युद्धको पछिल्लो अवस्था**

सन् २०२३ मा युक्रेनले रुसकाविरुद्ध गरेको दीर्घप्रतीक्षित प्रत्याक्रमण आफ्नो योजनामा विफल भएदेखि युद्धको अग्रमोर्चा करिब यथास्थितिमै छ।गत ग्रीष्मयाममा युक्रेनले रुसको कुर्स्क क्षेत्र आफ्नो नियन्त्रणमा लिएको थियो। यो दोस्रो विश्वयुद्धपछि रुसी भूभागलाई कुनै विदेशी सेनाले कब्जा गरेको पहिलो पटक थियो।

उक्त आक्रमणको उद्देश्य रुसी फौजको ध्यान युक्रेनको अग्रमोर्चाबाट अन्यत्र लैजानु रहेको जेलेन्स्कीले बताएका छन्। तर उनी आफ्नो उद्देश्यमा कति सफल भए भन्ने स्पष्ट छैन ।यद्यपि विश्लेषकहरूका अनुसार युक्रेनको नियन्त्रणमा रहेको कुर्स्क क्षेत्र सम्भाव्य शान्ति वार्तामा मोलमोलाइको साधन बन्न सक्छ । आफ्नो फौजलाई सशक्त बनाउन रुस हजारौँ विदेशी युवालाई आकर्षित गर्न सक्षम भएको छ भने तुलनात्मक रूपमा सानो युक्रेनी सेना पश्चिमा देशहरूले सहयोगस्वरूप पठाएका हतियारमा निर्भर छ ।

# भारतद्वारा हाइपरसोनिक मिसाइल प्रक्षेपण, 'ऐतिहासिक' परीक्षणको प्रशंसा

एएफपी

नयाँदिल्ली । आणविक शक्ति सम्पन्न भारतले आफ्नो पहिलो हाइपरसोनिक क्षेप्यास्त्रको परीक्षण गरेको छ ।

प्रतिद्वन्द्वी चीनले आफ्नो नवीनतम सैन्य उड्डयन शक्ति प्रदर्शन गरेको केही दिनपछि उच्च प्रविधियुक्त शक्तिशाली हतियारको प्रचार गर्दै रक्षा मन्त्री राजनाथ सिंहले आइतबार यस सफलताका लागि योगदान पुऱ्याउने भारतीय टोलीको उच्च प्रशंसा गर्नुभएको छ ।



हाइपरसोनिक्स प्रविधि मिसाइल प्रविधिको नयाँ आविस्कार हो । तिनीहरू ब्यालिस्टिक मिसाइलभन्दा कम उड्छन् तर पत्ता लगाउन गाह्रो हुन्छ । हाइपरसोनिक्स मिसाइल लक्ष्यहरूमा छिटो पुग्न सक्दछन्, र मध्य-उडानमा लक्ष्य परिवर्तन गर्न आदेश दिन पनि सकिन्छ ।संयुक्त राज्य अमेरिका, रुस, चीन र उत्तर कोरियाले हाइपरसोनिक क्षेप्यास्त्रको परीक्षण गरिसकेका छन्।

भारतीय रक्षामन्त्री राजनाथ सिंहले लामो दूरीको हाइपरसोनिक क्षेप्यास्त्रको सफल परीक्षण गरेर भारतले ठूलो उपलब्धि हासिल गरेको बताउनुभएको छ । छिमेकी प्रतिद्वन्द्वी चीनले 'जे-३५ए स्टेल्थ फाइटर जेट' र 'अट्याक ड्रोन' प्रदर्शन गरेर 'एयर शोमा' आफ्नो विस्तारित उड्डयन क्षमता प्रदर्शन गरेको केही दिनपछि यो परीक्षण उडान भएको हो ।

चीनका अनुसार यसमा ब्यालेस्टिक क्षेप्यास्त्र र हाइपरसोनिक ग्लाइड मिसाइललाई रोक्न बनाइएको 'हेडक्वार्टर-१९' सतहबाट हावामा मार हान्न सक्ने क्षेप्यास्त्र प्रणालीको सुरुवात पनि समावेश छ ।

उक्त हाइपरसोनिक हतियार शनिबार पूर्वी तटको अब्दुल कलाम टापुमा खसेको भारतको डिफेन्स रिसर्च एन्ड डेभलपमेन्ट अर्गनाइजेसन (डीआरडीओ) ले सार्वजनिक गरेको श्रव्यदृश्यमा देखिएको थियो । उक्त श्रव्यदृश्यमा रातको आकाशमा एउटा पातलो क्षेप्यास्त्र विस्फोट भएको देखिएको छ ।

"यो ऐतिहासिक क्षण हो र यो महत्वपूर्ण उपलब्धिले हाम्रो देशलाई यस्ता महत्वपूर्ण र उन्नत सैन्य प्रविधिको क्षमता भएका चुनिन्दा राष्ट्रहरूको समूहमा राखेको छ," सिंहले भन्नुभयो । क्षेप्यास्त्रको बारेमा थप विवरण दिइएको छैन ।नयाँ दिल्लीले हालैका वर्षहरूमा संयुक्त राज्य अमेरिका, जापान र अष्ट्रेलियासँग क्वाड गठबन्धनसहित पश्चिमी देशहरूसँग रक्षा सहयोगलाई गहिरो बनाएको छ।अर्बौं डलरको सम्झौतालाई लिएर अमेरिकी प्रतिबन्धको चेतावनीका बावजुद मस्कोको एस-४०० क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलगायत रूसी सैन्य सामग्रीको पनि भारत प्रमुख क्रेता हो ।

# हाइटीमा सामूहिक हिंसाका कारण चार दिनमा २० हजारभन्दा बढी विस्थापित

एएफपी

संयुक्त राष्ट्रसङ्घ । हैटीको राजधानी पोर्ट-ओ-प्रिन्समा चार दिनमा २० हजारभन्दा बढी मानिस विस्थापित भएका संयुक्त राष्ट्रसङ्घको एक निकायले शनिबार जनाएको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका हाइटी प्रमुख ग्रेगोइर गुडस्टीनले भन्नुभयो, "पोर्ट-ओ-प्रिन्सको अलगावले लामो समयदेखि गम्भीर मानवीय स्थितिलाई बढावा दिइरहेको छ।""सहायता प्रदान गर्ने हाम्रो क्षमता यसको सीमासम्म फैलिएको छ। तत्काल अन्तर्राष्ट्रिय सहयोग बिना यो पीडा अझ विकराल हुनेछ," गुडस्टीनले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

आइओएमका अनुसार हालै बसाइँ सर्न बाध्य भएका करिब २० हजारमध्ये करिब १७ हजार मानिस पहिलेदेखि नै अस्थायी आवासमा थिए र धेरै पटक विस्थापित भइसकेका छन् ।"सन् २०२३ को अगष्टदेखि हाइटीमा यति ठूलो सङ्ख्यामा विस्थापन भएको देखिएको थिएन," आप्रवासन एजेन्सीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

हाइटीका प्रधानमन्त्री एलिक्स डिडिएर फिल्स-एमेले निवर्तमान प्रधानमन्त्री गैरी कोनिलेको स्थानमा सोमबार सपथ लिनुभएको छ । पोर्ट-ओ-प्रिन्समा हिंसात्मक अपराध उच्च छ, शहरको लगभग ८० प्रतिशत नियन्त्रण गरेका सशस्त्र गिरोहहरूले नियमित रूपमा नागरिकहरूलाई लक्षित गर्छन् । यद्यपि, कोनिले नेतृत्वको अन्तर्राष्ट्रिय बललाई हाइटीको प्रहरीलाई सुव्यवस्था बहाल गर्न मद्दत गर्न तैनाथ गरिएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयका अनुसार यस वर्ष सामूहिक हिंसाका कारण करिब चार हजार व्यक्तिको मृत्यु भएको छ ।पोर्ट-ओ-प्रिन्समा पुग्ने वा प्रस्थान गर्ने तीन वटा जेटलाइनरमा गोली चलेपछि संयुक्त राज्य अमेरिकाले एक महिनाका लागि सबै नागरिक उडानमा प्रतिबन्ध लगाएपछि हाइटीले गत हप्ता बाँकी विश्वसँग ठूलो सम्बन्ध गुमाएको थियो।

# पाकिस्तानबाट दशकौँपछि समुद्रको बाटो बङ्गलादेशतर्फ सामानको सिधा ढुवानी

एएफपी

ढाका । पाकिस्तानबाट बङ्गलादेशका लागि समुद्री मार्ग हुँदै सामानको सिधा ढुवानी भएको छ ।

मालबाहक पानीजहाजमार्फत् बङ्गलादेशमा सफलतापूर्वक कन्टेनरहरू उतारेको बन्दरगाहका अधिकारीहरूले आइतबार एएफपीसँग बताउँदै भने, "पाकिस्तानबाट बङ्गलादेशका लागि भएको यो दशकौंपछिको पहिलो ढुवानी हो।" सन् १९७१ को युद्धपछि यी दुई देश विभाजित भएका थिए र त्यसपछि बङ्गलादेश पाकिस्तानको प्रतिद्वन्द्वी भारतसँग नजिक भएको थियो। तर गत अगष्टमा विद्यार्थी नेतृत्वको आन्दोलनले बङ्गलादेशकी तत्कालिन प्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गरेपछि उहाँ नयाँदिल्लीमा शरण लिन पुग्नुभएको थियो ।

पनामाको ध्वजाबाहक युआन सियाङ फा झान नामक १८२ मिटर (५९७ फिट) लामो कन्टेनर जहाज पाकिस्तानको कराँचीबाट बङ्गलादेशको चटगाउँका लागि छुटेको र नोभेम्बर ११ मा सामान गन्तव्यमा पुगी झारिसकिएको चटगाउँ बन्दरगाहका उच्च अधिकारी ओमार फारुकले एएफपीसँग बताउनुभयो ।

ढाकाका लागि पाकिस्तानका राजदूत सैयद अहमद मारुफले फेसबुकमा लेख्नुभएको छ, "यो मार्गले दुवै तर्फका व्यवसायका लागि नयाँ अवसरलाई बढावा दिनेछ ।"चटगाँउ बन्दरगाहका अधिकारीहरूका अनुसार जहाजले पाकिस्तान र संयुक्त अरब इमिरेट्स (युएई) बाट सामानहरू ल्याएको थियो, जसमा बङ्गलादेशको प्रमुख गार्मेन्ट उद्योगका लागि कच्चा पदार्थ र आधारभूत खाद्य पदार्थहरू समावेश थिए।

गत सेप्टेम्बरमा बङ्गलादेशले पाकिस्तानी सामानको आयातमा लगाइएको प्रतिबन्धलाई खुकुलो बनाएको थियो । प्रतिबन्धले पहिले सामानको आगमनमा अनिवार्य भौतिक निरीक्षण अनिवार्य गरिएका कारण ढुवानीमा लामो ढिलाइ हुनेगरेको थियो।यसअघि,पाकिस्तानी सामानहरू बङ्गलादेश जानुअघि सामान्यतया श्रीलङ्का, मलेसिया वा सिङ्गापुरका फिडर जहाजहरूमा लोड गर्नुपर्थ्यो ।

# माछापालनबाट मनग्य आम्दानी गर्दै हरिराम

वेदकोट । वेदकोट नगरपालिका-६ घुर्सुवाका हरिराम चौधरीले १० बिघा जमिनमा पोखरी निर्माण गरेर माछापालन गर्नुभएको छ । डेढ दशकअघिसम्म खेतमा धान, गहुँखेती गर्नु हरिरामको परिवार मुख्य काम थियो ।

विसं २०६५ मा हरिरामका बुबा चन्द्रलालले धानखेतीमै माछापालन थाल्नुभयो । माछा बिक्रीबाट राम्रो आम्दानी हुन थालेपछि चन्द्रलाल धान, गहुँखेती छाडेर माछापालनतर्फ लाग्नुभयो । "सुरुआतमा बुबाले धानखेती हुँदै एक/दुई पोखरीमा माछा पाल्नुभयो, पछि विस्तार गरेर १० बिघा जमिनमै पोखरी निर्माण गरेर माछापालन विस्तार गरियो", हरिरामले भन्नुभयो ।

विसं २०७२ मा बुबा चन्द्रलालको निधन भएपछि व्यवसायको बिडो थाम्ने जिम्मा छोरा हरिरामको काँधमा आयो । बुबा जीवित हुँदा शिक्षण पेसासँगै माछापालन सघाइरहनुभएको उहाँ बुबाको निधनपछि भने शिक्षण पेसा छाडेर पूर्ण रूपमा माछापालनमा सक्रिय हुनुभयो । माछापालनबाट वार्षिक रु ३० लाख आम्दानी गर्ने गरेको हरिराम सुनाउनुहुन्छ । "धान, गहुँखेतीभन्दा पनि माछापालनमा राम्रो आन्दानी छ", उहाँले भन्नुभयो, "माछाको सङ्ख्याअनुसार आम्दानी हुन्छ । मैले वार्षिक रु ३० लाख लाखसम्म आम्दानी गर्ने गरेको छु ।"



एक माछा एक किलोग्राम तौलको हुनका लागि एकदेखि सवा किलोग्रामसम्म दाना खपत हुने गरेको छ । दश बिघा जमिनमा रहेको पोखरीमा गरिएको माछापालनबाट वार्षिक सात-आठ सय क्विन्टल माछा उत्पादन हुने गरेको हरिराम बताउनुहुन्छ ।

माछा स्थानीय बजारमै बिक्री गर्ने गरिन्छ । माछाको भुरा र दाना भारतबाट ल्याउने गरेको उहाँको भनाइ छ । हरिरामले स्थानीय दुई जनालाई माछापोखरीमा रोजगारी पनि दिनुभएको छ । नेपालमा गुणस्तरीय भुरा र दाना नपाइने हुनाले महँगो मूल्यमा भारतबाट ल्याउनुपर्ने बाध्यता छ । नेपाली बजारमा आउने भारतीय माछाका कारण पनि समस्या हुने गरेको उहाँले बताउनुभयो । हरिरामले माछापालनकै आम्दानीले छोराछोरीलाई पढाउन सहयोग मिलेको छ । उहाँकी छोरी हाल चिकित्सा शिक्षा पढिरहनुभएको छ । छोरी भूमिका कोहलपुर मेडिकल कलेजमा एमबीबीएसको अन्तिम वर्षमा अध्ययरत छिन् । छोरा काठमाडौँमा आर्टिफिसियल इन्टेलिजेसन (एआई) अध्ययन गरिरहेका छन् । "शिक्षण र माछापालनतिरै व्यस्त हुँदा सरकारी जागिरका लागि तयारी गर्नतर्फ लागिएन । तयारी गरेको भए सरकारी जागिरे भइन्थ्यो होला, पछि उमेर पनि पुग्यो । अहिले माछापालनबाट पनि राम्रै भएको छ", हरिरामले भन्नुभयो, "सरकारी जागिरे नहुँदा पनि केही छैन । माछापालनले सन्तुष्टि दिलाएको छ ।"रासस


# आन्तरिक पर्यटकको रोजाइमा डडेल्धुराको कस्याडाँडा

अमरगढी । अमरगढी नगरपालिका-७ मा अवस्थित कस्याडाँडा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बनेको छ । सूर्योदय र सूर्यास्तको रमणीय दृश्य अवलोकन गर्न सकिने भएकाले पछिल्लो सयम यहाँ आन्तरिक पर्यटकको आगमन बढ्न थालेको हो ।

सूर्योदय र सूर्यास्तका साथै सदमुकाम अमरगढी नगरपालिका, नवदुर्गा, गन्यापधुरा, अजयमेरु गाउँपालिकाका अधिकांश भू-भागको दृश्यावलोकन गर्न दैनिक सयभन्दा बढी आन्तरीक पर्यटक पुग्ने गरेका छन् ।डडेल्धुरा-बैतडी राजमार्गको पश्चिम खण्डसँगै जोडिएको कस्याडाँडाले धार्मिक एवं ऐतिहासिक महत्व बोकेको छ । डडेल्धुरा-बैतडी जोड्ने महाकाली राजमार्गको सुर्कालबाट १५ मिनेट पैदल उकालो चढ्दा कस्याडाँडा पुग्न सकिन्छ । जिल्लाको सबैभन्दा अग्लो डाँडामध्ये यसलाई प्राचीन, धार्मिक तथा ऐतिहासिक महत्व बोकेको डाँडाका रूपमा मानिने स्थानीय बताउँछन् ।

डोड्याली राजा नागी मल्लसहित लेगी समैजी, शिखर, शैलेश्वर महादेव, भूमिराज, उग्रतारा भगवती माताको धार्मिक क्षेत्रका रूपमा पनि कस्यालाई लिने गरिन्छ । यो डाँडा समुद्री सतहबाट छ हजार पाँच सय फिट उचाइमा अवस्थित छ ।भारतमा बस्दै आउनुभएका अजयमेरु-३ का महेश ऐरले घर आएको मौकामा यहाँ पुगेको भन्दै कस्याडाँडा घुम्नै पर्ने रमणीय स्थानका रूपमा रहेको बताउनुभयो । "पहिला यहाँ आउन पाएको थिएन, यो ठाउँ निकै रमाइलो रहेछ", उहाँले भन्नुभयो, "यहाँबाट सूर्योदय र सूर्यास्तको रमणीय दृश्य राम्रोसँग हेर्न सकिन्छ ।"

आलितालका मीना साउँदले पनि साथीभाइसँग रमाइलो गर्न कस्याडाँडा पुगेको बताउनुभयो । रमाइलो र नजिकैको पर्यटकीय गन्तव्य भए पनि प्रचारप्रसारको कमीले ओझेलमा परेको उहाँले प्रतिक्रिया दिनुभयो । डडेल्धुरा बजारबाट हिँड्दै पनि पुग्न सकिने यो ठाउँमा बैतडी, डोटीलगायत सुदूरपश्चिमका आन्तरिक पर्यटकका लागि नजिकको सुन्दर गन्तव्य बन्न सक्ने साउँदले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यहाँ पुग्ने बाटो पनि व्यवस्थित छ, स्थानीय सरकारले यसको प्रवर्द्धन गर्न सके स्थानयिको आयस्तर वृद्धि हुनुका साथै रोजगारीका अवसर पनि सृजना हुने छन् ।"



पहिला सुनसानजस्तै रहेको यो ठाउँमा पर्यटकको चहलपहल बढ्न थालेको छ-सात वर्ष भयो । अहिले दिनमा एक सयको हाराहारीमा आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका स्थानीय अटोचालक धौलि दमाईंले बताउनुभयो । उहाँका अनुसार यहाँ आउने अधिकांशले आफैँले खानेकुरा बोकेर आउँछन् । यहाँ नजिक बस्ती र होटल नरहेकाले खानापिनमा समस्या हुने भन्दै उहाँले यसलाई थप व्यवस्थित बनाउँदै नजिक होटल सञ्चालन भएका पर्यटकीय गतिविधि बढ्ने उहाँले उल्लेख गर्नुभयो ।

पछिल्लो समयमा स्थानीयसहित अमरगढी-७ को ब्राइट भिजन क्लबले कस्या टाकुरो (डाँडा) को पर्यटकीय सम्भावनाका बारेमा प्रचारप्रसार गरेपछि अमरगढी नगरपालिकाको सहयोगमा भ्यूप्वाइन्ट, दृश्यावलोकन स्तम्भ, डाँडाको टुप्पोसम्म पुग्ने पैदल बाटो, बस्ने ठाउँलगायत पूर्वाधार निर्माण भएका छन् ।कस्याडाँडामाथि भ्यूटावर निर्माण गरी आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सके आर्थिक गतिविधि चलायमान हुने क्लबका अध्यक्ष दीपकराज भट्टराईले विश्वास व्यक्त गर्नुभयो ।

नागरिक अगुवा सिद्धराज पाठकका अनुसार कस्याडाँडा र आसपासका क्षेत्रमा आन्तरिक पर्यटकका लागि आकर्षक स्थल निर्माण भएका छन् । होटलसहित अन्य पूर्वाधार निर्माण गरी आर्थिक र व्यावसायिक रूपमा यसलाई प्रवर्द्धन गर्न स्थानीय सरकारले नीति बनाएर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । यहाँबाट महाभारत पर्वत शृङ्खलासहित डोटी, आछाम, बैतडी र भारतको केही भूभाग देख्न सकिने उहाँले जानकारी दिनुभयो ।

डडेल्धुराबाट कस्याडाँडा पुग्न पक्की बाटो बनेको छ । कस्याडाँडा सदरमुकाम भन्दा १२ किलोमिटर उत्तरतर्फ महाकाली राजमार्गसँगै जोडिएको छ । हिँडेर जाँदा करिब तीन घण्टा र मोटरसाइकल वा गाडीमा जाँदा २५ देखि ३० मिनेटमा पुगिन्छ ।

**कस्याडाँडाको इतिहास**

कस्याडाँडामाथि ठूलो मैदान रहेको भन्दै यो प्राचीनकालमा निर्माण भएको आफूले सुन्दै आएको अमरगढी-७ का ६२ वर्षीय केशव भण्डारीले बताउनुभयो । "सुनेको आधारमा यहाँ एउटा बुढी महिला पछिसम्म बस्थिन् । यसको बारेमा कुनै सत्यता वा अभिलेख भने छैन । अमरगढी-६, ७ र ८ का बुढापाकाले सुनाउने कुराका आधारमा कस्याडाँडामा राजकोट थियो", उहाँले भन्नुभयो । अहिले यहाँ कुनै कोटको संरचना नरहेको स्थानीय महेश भट्टराईले बताउनुभयो । "यस डाँडाको इतिहास दुई हजार पाँचसय वर्षभन्दा पुरानो हो । गाउँ पुर्दिँदा यहाँ कैयौँले ज्यान गुमाउनु परेकाले सुरुमा यसलाई काल अर्थात् सुर्काल भनिन्थ्यो", उहाँले भन्नुभयो ।

यससँगै डाँडाबाट करिब एक हजार पाँचसय मिटर तल ढुङ्गाको ओखल पनि देखिन्छ । उक्त स्थानलाई अहिले ओखलढुङ्गा भन्ने गरिएको भट्टराईले बताउनुभयो । ओखलढुङ्गाको पूर्वउत्तरमा डाँडु खोला छ । इतिहासका बारेमा अध्ययन र अनुसन्धान गरी तथ्य पत्ता लगाउन उहाँले स्थानीर सरकार र सरोकार भएका निकायलाई आग्रह गर्नुभयो ।यहाँको तथ्य अध्ययन गरी पर्यटन प्रवर्द्धन गर्न सके कस्याडाँडालाई सुदूरपश्चिम क्षेत्रकै रमणीय पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने स्थानीय जानकार बताउँछन् ।रासस

# ठेक्का लागेको पाँच वर्षमा पनि भएन कालोपत्र

म्याग्दी।जिल्लाको बेनी-दरबाङ सडक आयोजनाअन्तर्गत तेस्रो (रणवाङ-दरवाङ) खण्ड कालोपत्र गर्ने योजनाले पाँच वर्षसम्म पनि पूर्णता पाएको छैन् ।

रणनीतिक महत्वको रूपमा रहेको उक्त खण्ड मङ्गला गाउँपालिका-२ रणवाङबाट मालिकाको केन्द्र दरवाङसम्मको आठ किलोमिटर सडक कालोपत्र गर्न विसं २०७६ जेठ ३१ गते म्याग्दीको रणनीतिक महत्वको निर्माण कम्पनी र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु २२ करोड ५७ लाख नौ सय ३२ मा ठेक्का सम्झौता भएको थियो ।

विसं २०७८ जेठमा सकिनुपर्ने योजनाको हालसम्म भौतिक प्रगति करिब ८० प्रतिशत रहेको कार्यालयले जनाएको छ । म्याग्दीको लाइफलाइन मानिएको बेनी-दरवाङ सडक निर्माणमा भएको ढिलाइले यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र यातायात सञ्चालनमा असहज भएको छ । "कालोपत्र गर्ने भनेर दुई वर्षअघि सम्माएर 'सबबेस' हालेर छाडेका थिए", मङ्गला-२ का श्रीराम पौडेलले भन्नुभयो, "कालोपत्र नहुँदा दुर्घटनाको जोखिम बढ्नुका साथै धुलोका कारण स्थानीयलाई सास्ती भएको छ ।"



गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमअन्तर्गत जिल्लास्थित पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित यो सडक आयोजनाका निर्माण व्यवसायीलाई पटक-पटक ताकेता गरेपनि बेवास्ता गरेका कार्यालयका प्रमुख विष्णु पौडेलले बताउनुभयो । "रणवाङ-तोलावाङ-ढाँडखर्क खण्डको चार किमिमा सबबेस राखिसकेको निर्माण व्यवसायीले कार्यतालिका पेस गरेका छन् । बेस, कोट राखेर कालोपत्र गर्न भने ढिलाइ गरिरहेका छन्", उहाँले भन्नुभयो, "फोन सम्पर्क नभएपछि निर्माण कम्पनीका सञ्चालकलाई पत्र काटेर ताकेता गरेका छौँ ।"

ठेकेदारले निर्माण सामग्रीको व्यवस्थापन, मजदुर र उपकरण परिचालन गर्न नसक्दा सडक निर्माणमा ढिलाइ भएको बताइएको छ । सो खण्डमा पर्ने बाङ्गेपहिरो क्षेत्र पहिरोग्रस्त र जोखियुक्त छ । पहिलो प्रभावित बाहेक रणवाङबाट ढाँडखर्कसम्म सडक फराकिलो बनाएर नाली र पर्खाल निर्माण सकिएको निर्माण कम्पनीका सञ्चालक चन्द्र थकालीले बताउनुभयो । नदीजन्य निर्माण सामग्री नपाउँदा समयमा काम गर्न समस्या भएको उहाँको भनाइ छ ।

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किमी दूरीको यो सडक विसं २०६३ मा मार्ग खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प भएकाले यसलाई रणनीति महत्वका रूपमा मानिएको हो ।

बेनीबाट सिमसम्म १२ दशमलव पाँच किमी तीन वर्षअघि कालोपत्र भएको थियो । सिम-पानाबगर खण्डको चार किमी गत जेठमा काम सकिएको छ । गण्डकी प्रदेशसभाका सांसद रेशम जुग्जालीले सहजीरण र समन्वय गरेपनि निर्माण कम्पनीले विभिन्न बाहना बनाएर सडक कालोपत्र गर्न ढिलाइ गरेको बताउनुभयो ।

"गत आर्थिक वर्षमा काम सम्पन्न पुग्नेगरि रु पाँच करोड बजेट विनियोजन भएको थियो", उहाँले भन्नुभयो, "चालु आवमा पनि रु एक करोड ५० लाख विनियोजन भएको छ ।" अब पनि काम सुरु नगरे निर्माण कम्पनीका प्रतिनिधिसँग छलफल गरी स्थानीय र प्रदेश सरकारले आवश्यक विकल्प खोज्नु जरुरी रहेको उहाँको भनाइ छ ।रासस


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय सिराहाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०८/०३ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/०१/१४ गते बुधबारको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०७९/०८/२३ गते शुक्रबारको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय सिराहा**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात **मिति २०८१/०८/१० गते सोमबार** (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय सिराहमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणीः** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बाणिज्य कार्यालय विराटनगरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०६०/०३/१६ मा प्रा.फ.र.नं १७८०७/०६० मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरीक राजश्व विभाग, आन्तरीक राजश्व कार्यालय, लहान सिराहाबाट मिति २०६०/०३/२९ (मु.अ.क.मा दर्ता मिति २०७३/१०/०५) मा स्थायी लेखा नम्बर (पान) ३०१३६३७५४को प्रमाणपत्र प्राप्त **राकेश खरिद बिक्री केन्द्र । फर्मको ठेगानाः** सिरहा जिल्ला सुखिपुर गा.वि.स वडा नं. ५ (हालको ठेगाना सुखिपुर न.पा. वडा नं. १०) । | **प्रोपाईटर तथा जमानतकर्ता : देव नारायण महतो कोईरी** (ना.प्र.नं. ४१८/१३६८, जारी मितिः २०५४/०७/२६, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा. वडा नं १० (साविक सुखिपुर गा.वि.स. वडा नं ५) ।<br>बाबु : हरि महतो कोईरी ।<br>बाजे : सोनाई महतो । |
| **२ ऋणी : देव नारायण महतो कोईरी** (ना.प्र.नं. ४१८/१३६८, जारी मितिः २०५४/०७/२६, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा. वडा नं १० (साविक सुखिपुर गा.वि.स. वडा नं ५) ।<br>बाबु : हरि महतो कोईरी । बाजे : सोनाई महतो । | |
| **जमानतकर्ता : विभा कुमारी महतो**<br>(ना.प्र.नं. १५३०५३/३०८, जारी मितिः २०६३/१०/०५, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा वडा नं १०<br>(साविक सुखिपुर गा.वि.स वडा नं ५) ।<br>बाबु : बिन्देश्वर प्रसाद सिंह ।<br>पतिः देव नारायण महतो कोईरी । ससुरा : हरि महतो कोईरी । | **जमानतकर्ता : राकेश कुमार महतो**<br>(ना.प्र.न. १५-०१-७५-१३७८५, जारी मितिः २०७५/१२/०५, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा. वडा नं १० (साविक सुखिपुर गा.वि.स. वडा नं ५) ।<br>बाबुः देबनारायण महतो ।<br>बाजेः हरि महतो कोईरी । |
| **जमानतकर्ता : रामवती कोईरीन**<br>(ना.प्र.नं. ९०८३-१३६९, जारी मितिः २०४४/१०/२७ जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा. वडा नं. १०<br>(साविक सुखिपुर गा.वि.स वडा नं ५) ।<br>बाबु : अनुप महतो । पतिः हरि महतो कोईरी । ससुरा : सोनाई महतो । | **जमानतकर्ता : हरि महतो कोईरी**<br>(ना.प्र.नं. ९०८३१३७८, जारी मितिः २०३५/११/२८, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला सुखीपुर न.पा. वडा नं. १०<br>बाबुः सोनाई महतो ।<br>बाजेः गोनाई महतो । |

**धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. देव नारायण महतो कोईरीको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेष्ता कायम रहेका सिरहा जिल्ला, दहीपौडी गा.वि.स वडा नं २ स्थित कित्ता नं ३०४ र ३०२७ को क्षेत्रफल ०-६-०-० र ०-१०-१३-० (बिघा)को घर/जग्गा र घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......................... १

२. ऋणी **राकेश खरिद बिक्री केन्द्रको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...............................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय सिराहा**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय सिराहामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट
## नामसारीको हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गा.वि.स. ब्रहपुरी वार्ड नं. ६ हाल राजदेवी न.पा. ९ बस्ने जगदयाल सिंहको नाति, बासुदेव सहिको छोरा उपेन्द्र प्रसाद सहिले आफ्नो भतिजा नता पर्ने सदानन्द सिंहको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट गा.वि.सि. झुनखुनवा वार्ड नं. ५ख किता नं. ७०७ जि.व. ०-६-५ जग्गा नामसारी माग गरेकोमा निज जग्गाधनी सदानन्द सिंह र नजिको एक मात्र पत्नी प्रभा किरणको छोरा छोरी नभई निशान्तान प्रलोक भई नजिकको हक खाने एक मात्र काका नाता पर्ने उपेन्द्र प्रसाद सिंह भएको साथै सदानन्द सिंहको मृत्यु २०७९।८।१६ र निजको पत्नी प्रभा किरण मिर्ता २०८१।४।२ गतेमा प्रलोक निजको दामपत्यबाट छोरा छोरी नभई निज निशान्तान प्रलोक भएको भनी राजदेवी न.पा. ९ ब्रहमपुरीको चलानी नं. २८२ मिति २०८१।७।११ को सिफारिश भई आएकोमा यस कार्यालयको मिति २०८१।७।११ आदेशानुसार निज जग्गाधनी सदानन्द सिंहको नजिकको हक खाने छोरा, छोरी वा अन्य हकदार असियार भएको भए/नभएको तथा नामसारी हुनु पर्ने नपर्ने बारे सार्वजनिक सूचना प्रकाशित गरिएको छ । निवेदकको नाममा नामसारी हुनु होइन वा अन्य कोई हकदार भए स-प्रमाण सहित यो सूचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा आफू वा रीतपुर्वकको वारिस मार्फत प्रतिवाद गर्ने आउनु हो, अन्यथा सोही बमोजिम नामसारी भई जाने छ ।



## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट
## ३५ दिने सार्वजनिक सूचना

रौतहट सावित गाविस बसन्तपटी वडा न. २ हाल परोहा नगरपालिका वार्ड न. ६ बस्ने रुदल महतो कोईरीको बुहारी चतुरी महतोको छोरी कुलदिप महतो कोईरीको श्रीमती व्यासपति देवी कोइरीनले मेरो श्रीमान कुलदिप महतो कोइरीको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी गरि पाउँ भनि परोहा नगरपालिका वडा न. ६ को च.न.१३४ मिति २०८१।०५।०४ गतेको सिफारिस साथ निवेदन पेश गरेकोले जग्गाको मोठ भिडान हुदा मोठ फाँटबाट मोठ कायम रही अप्रमाणित रहेको साथै रोक्का समेत नरहेको भनि लेखि आएकोले सो अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी हुन यो ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पूर्वकको वारेश मार्फत यो सुचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्थया कानुन बमोजिम नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | बसन्तपटी | २ ग | २१६ | ०-२-०-० | कुलदिप महतो कोइरी वतन : वडा न. २ |

# ‘मधेशवादी नेता भनाउँदाहरुको गतिविधिका कारण धोका’

**मनोज माझी**




राजविराज । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले मधेश केन्द्रित दुई दलका अध्यक्षका कारण मधेशले धोका पाउने गरेको बताएका छन ।

मधेश प्रदेशमा पालैपालो सरकार बनाए पनि जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको छेपारो झैँ बोली, ब्यवहार र रंग फेर्ने गरेको गतिविधिका कारण मधेशले धोका पाइरहेको उनले बताए ।

राजविराजबाट “भ्रष्टाचार विरुद्धको मधेश यात्रा” प्रस्थान गर्न लागेका बेला आजपा सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष साहले भने-“राष्ट्रिय स्वतन्त्र पार्टीका सभापती रवी लामिछानेलाई पक्राउ गर्दा विरोधमा उत्रने भनेका डा. राउत र उपेन्द्र यादव पछी बालुवाटारमा गएर सुटुक्क प्रधानमन्त्री केपी ओलीसंग सहमती गरे ।”

मधेशी जनता समस्यामा पिरोली रहेका बेला मधेशवादी दलका केही नेताहरु केन्द्रमा सरकारसित काँधमा काँध जोडेर मधेशी जनताको मतको अपमान गरिरहेको उनको भनाइ छ ।

“डा. राउत र उपेन्द्र यादवजीले संघीयतका लागी गरेको योगदान बिर्सिन नसकिने भए पनि उनीहरुको अहिलेको गतिविधिले मधेश र मधेशी जनताले धोका पाइरहेको भन्दै उनले उपेन्द्रलाई पानीमा कापेर बसेको मुसा र डा. राउतलाई छेपारोको संज्ञा समेत दिए । उनले जसपा अध्यक्ष उपेन्द्र यादवलाई सत्ता पक्ष कि प्रतिपक्ष भन्ने कुरा बुझ्नै गाह्रो भएको बताउँदै रवि लामिछाने पक्राउ प्रकरणमा विरोध गर्ने डा.राउत केही दिनमै बोली फेरेर सत्ता पक्षसग सहमती गरी रंग फेर्ने छेपारो जस्तै ब्यवहार देखाएको बताए ।

मधेशमा विकास गर्न न सकेको र केन्द्रमा प्रधानमन्त्री सित लागेर मधेशवादी दल जनभावना संग खेलवाड गरिरहेको उनको आरोप छ । उनले मुलुकमा कर माथी कर लगाएर सरकारले जनताका ढाड सेक्ने काम गरेको र यसले उल्टै महँगी बढाएको टिप्पणी गरे ।

आफू माओवादी र एमालेमा रहँदा उच्च पद र ठूलो हैसियत पाए पनि ती पार्टीका नेताहरुको रवैयाले जनताका समस्या समाधान हुन नसक्ने ठानेर ती दुबै पार्टी परित्याग गरी अहिले जनताको सेवक बन्न आएको उनको प्रष्टोक्ती थियो ।

पूर्वमन्त्रीसमेत रहेका साहले आफू पाँच महिना शहरी विकास मन्त्री हुदा अरबौंको बजेट छुट्याएर विकासीय काम गर्न चाहेकोमा केपी ओली नेतृत्वको तत्कालीन सरकारले ती योजनाहरुलाई खारेज गरी दिएको आरोप समेत लगाए ।

भ्रष्टाचारविरुद्ध आवाज उठाउन खोज्दा सरकार दमनमा लागेको आरोपका साथ उनले भ्रष्टाचार विरोधी अभियान यस्ता दमनबाट नरोकिने उद्घोष गरे ।

# आजदेख निजी विद्यालयहरु अनिश्चितकालका लागि बन्द

हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त विज्ञप्ति जारी गर्दै कक्षा ११ र कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुको हकमा जनकपुरधाम उपमहानगर र नेपाल विद्यार्थी संघबीच भएको सम्झौता सच्याउन आग्रह गरिए पनि बेवास्ता गरेको भन्दै आजदेखि संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको छ ।

**टुडे समाचारदाता**




जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामा सम्पूर्ण निजी विद्यालयहरु सोमबारदेखि अनिश्चितकालका लागि बन्द रहने भएको छ ।

निजी विद्यालयका संगठनहरुले संयुक्तरुपमा एक प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि अनिश्चितकालका लागि संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको छ ।

हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त विज्ञप्ति जारी गर्दै कक्षा ११ र कक्षा १२ मा अध्ययनरत्त विद्यार्थीहरुको हकमा जनकपुरधाम उपमहानगर र नेपाल विद्यार्थी संघबीच भएको सम्झौता सच्याउन आग्रह गरिए पनि बेवास्ता गरेको भन्दै आजदेखि संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको छ ।

संयुक्त रुपमा जारी गरिएको सो विज्ञप्तिमा भनिएको छ ‘जनकपुरधाम नगर भित्र सञ्चालित संस्थागत विद्यालयहरुमा ‘छात्रवृत्ति वितरण व्यवस्थापन समिति’ मिति २०८१।०५।१३ गतेको निर्णयानुसार छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि २०७४ बमोजिम छात्रवृत्तिमा छनोट विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययनका लागि मिति २०८१।०५।१४ गतेमा हिसान धनुषा आवद्ध संस्थागत विद्यालयहरुमा पत्राचार गरेको र कार्यविधि २०७४ को ५.२ (ङ) बमोजिम सिफारिस भएको विद्यार्थीहरुबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेको र सोही अनुसार गर्दै आए पनि पून २०८१।०७।१४ गते फरक किसिमको निर्णय भई आएको हुँदा सो शुल्कमा पढाउन नसकिने भएकाले यसलाई सच्याउन उपमहानगरलाई पत्रमार्फत आग्रह गरिएको थियो ।’

जनकपुरधाम उपमहानगरपालिकाले पत्रअनुसार केही पहल नगरेकाले सम्पूर्ण निजी विद्यालयहरु मंसिर ३ गतेदेखि अनिश्चितकालका लागि बन्द गर्न बाध्य भएका छौं जारी गरिएको सो विज्ञप्तिमा जनाएको छ ।

केही दिन अघि हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै जनकपुरधाम उपमहानगरपालिकाले विद्यालय भर्ना शुल्क निर्धारणसम्बन्धी गरेको निर्णयप्रति आपत्ति जनाउँदै फिर्ता लिन चेतावनीसमेत दिएको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाले छात्रवृत्ति वितरणमा मनोमानी गर्दै आएकोले छात्रवृत्ति वितरण व्यवस्थापन समिति गठनको माग गरेको प्याबसन जनकपुरधामका अध्यक्ष दीपक ठाकुरले बताए ।

# दिव्य धर्म यज्ञ दिवस भव्यता साथ सम्पन्न

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषास्थित सतलोक आश्रममा कार्तिक २९ गतेदेखि मंसिर १ गते सम्मका लागि आयोजित दिव्य धर्म यज्ञ दिवस भव्यताका साथ सम्पन्न भएको छ । दिव्य धर्म यज्ञ दिवसको उपलक्ष्यमा संत गरीबदासको अमरवाणीको तीन दिवसीय अखण्ड पाठ, विशाल भण्डारा, दाइजोमुक्त सामुहिक विवाह, निःशुल्क मन्त्रदीक्षा, आध्यात्मिक प्रदर्शनी आदि कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा विभित्र जिल्लाहरुबाट आएका १३ नव जोडीहरुको दाइजोमुक्त सामूहिक अन्तर्जातिय विवाह गराइएको छ भने सन्त रामपाल महाराजका अनुयायीहरुले १६५ युनिट रक्तदान पनि गरेका छन् ।

सो कार्यक्रममा विभिन्न राजनैतिक तथा प्रसासनिक गण्मान्य व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । तेस्रो दिन शनिबार बिहान ९:३० बजे भोग आरती गरी सत्संग श्रवण र प्रसाद ग्रहण गरेर कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम सम्पन्न भए पश्चात् सर्व श्रद्धालुहरु आइतबार आ-आफ्नो घर फर्किएका छन् ।

तीन दिवसीय अवतरण दिवसको कार्यक्रममा ३ दिनमा करीब ६ लाख भन्दा बढी श्रद्धालुहरुको सहभागिता रहेको थियो । यस विशाल भण्डारामा शुद्ध घ्युमा बनेका लड्डु,जेरी, बर्फी तथा हलुवा प्रसादका साथै पूरी, तरकारी, सलाद, दाल, भात, अचार आदिको व्यवस्था गरिएको थियो । सबै विकृतिहरुबाट मुक्त भएको स्वच्छ, सभ्य र सुखी समाज निर्माण गर्ने र सदभक्तिको माध्यमले सबैको कल्याण गराउने अभियान अन्तर्गत यो कार्यक्रम गरिएको आयोजकले बताए ।

काशीको जुलाहा वस्तीमा गरिब जुलाहाको कार्य गर्दै लीला गरी बसेका कबिर साहेबले आजभन्दा ५११ वर्ष पहिले सन् १५१३ मा कबीर साहेबको विरोध गर्ने मुस्लिम धर्मगुरु शेख तकि र हिन्दु धर्मगुरुहरुको मिलेमत्तोमा पठाइएका भण्डाराको झुठा चिट्ठी पाएर भण्डारा खान अचानक १८ लाख साधुसन्तहरु समेत अन्य लाखौं व्यक्तिहरू कार्तिक चतुर्दशीको दिनमा काशीमा आइपुग्दा कबीर परमात्माले आफ्नो अर्को रुप बनाएर तत्काल ९ लाख गोरुहरुमा सतलोकबाट पाकेको तयार अनेकौं प्रकारका स्वादिष्ट मिठाई र विभिन्न परिकारका भोजन प्रसाद लिएर केशव बन्जाराको रुपमा आउनुभएको थियो र भन्डारा गराउनुभएको थियो। यस्तो भन्डारा कहिल्यै पनि पृथ्वीमा कसैले गराएका थिएनन् । सतलोकको दिव्य भोजन खाएर कसैलाई शौच पनि लागेन । गरीबको भुमिका गर्दै बस्नुभएको परमात्माले तीन दिनसम्म सबैलाई भन्डारा गराउनुका साथै भन्डार खाँदा प्रत्येक व्यक्तिलाई हरेक पटक एक मोहर अर्थात् एउटा १० ग्राम सुनको सिक्का र एक दोहर अर्थात् गुणस्तरीय कम्बल पनि वितरण गर्नुभएको दियो। कसैले पनि अचानक यति विशाल यो व्यवस्था गर्न नसक्ने भएपनि परमात्माको समर्थताबाट यो सम्भव भएकोले यसलाई दिव्य धर्म यज्ञ भनिएको हो। यसै लिलाको सम्झना हरेक वर्ष सन्त रामपालजी महाराजको सान्निध्यमा उहाँका अनुयायीहरु द्वारा यो दिवस भव्यताका साथ मनाईन्छ र यस वर्ष पनि सफलतापुर्वक सप्पन्न भएको छ।

तीन दिवसीय यस पाठको यज्ञमा कैयौं क्विन्टल शुद्ध घ्युको हवन रुईको बाती लगाएर गरिन्छ जसले वातावरणका साथै सबैको चित्त पनि शुद्ध बनाउने गर्छ र वेद अनुसारको विधी यहि नै हो भन्ने अनुयायीहरुले बताएका छन् । यहाँ हुने यस्ता महान धार्मिक अनुष्ठानहरुमा सर्व समाजका व्यक्तिहरूलाई सकेसम्म धेरै भन्दा धेरै संख्यामा सहभागी हुने आयोजकको अपेक्षा पनि पूर्ण भइरहेको जानकारी प्राप्त भएको छ।

# कांग्रेस-एमालेको जिल्लास्तरीय संयन्त्रले प्रधानमन्त्रीलाई ज्ञापन बुझाउने



**टुडे समाचारदाता**

वीरगञ्ज । सत्तारुढ गठबन्धनका घटक दल नेपाली कांग्रेस र नेकपा एमालेको दुई दलीय राजनैतिक संयन्त्र पर्साको बैठक आइतबार वीरगञ्जमा सम्पन्न भएको छ । जिल्लास्तरीय संयन्त्रको बैठकबाट पर्सा जिल्लाको समग्र विकास निर्माणको लागि पर्साबाट संघीय र प्रदेश सरकारका मन्त्रीहरु र सांसदहरुसित छलफल गरी प्रधानमन्त्री तथा मन्त्रीहरुलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ ।

विकास निर्माण र अन्य मागको मस्यौदा तयार गर्न कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी र एमाले पर्साका सचिव महेश दासलाई जिम्मेवारी दिइएको छ ।

कांग्रेस पर्साका सभापति तथा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षेत्रीको सभापतित्वमा भएको बैठकमा कांग्रेसका उपसभापति रामनारायण कुर्मी र जिल्ला सचिव दिनेश चौधरी तथा एमालेबाट केन्द्रीय सदस्य एवम् पर्सा इन्चार्ज प्रभु हजरा, जिल्ला अध्यक्ष डा. विशम्भरकुमार शर्मा र जिल्ला सचिव महेश दासको सहभागी थिए ।

कांग्रेस-एमालेको नेतृत्वमा गठन भएको वर्तमान संयुक्त सरकारलाई सफल बनाउन केन्द्रीय तह, प्रदेश तह र जिल्ला तहमा दुई दलीय संयन्त्र गठन गरिएको छ ।

# समय र मुद्रा बचतका लागि वित्तीय साक्षरता तालिम

**टुडे समाचारदाता**



जनकपुरधाम । गृहणीहरुलाई लक्षित गरी जनकपुरधाममा एक दिने वित्तीय साक्षरता तालिमा दिएको छ । वित्तीय शिक्षा प्रवर्द्धन र महिलाहरूको वित्तीय साक्षरता ज्ञान र सीपहरूको विकास गर्ने उद्देश्यले मिडिया हाउस नेशनल इन्स्टिच्युट फर करियर डेभलपमेन्टको आयोजनामा महिलाहरुलाई एक दिने तालिम दिएको जनाएको छ ।

जनकपुरधाममा आइतबार महिलाहरूलाई आर्थिक रूपमा सुरक्षित भविष्यका लागि समयको सदुपयोग र रकमको बचतका लागि विभिन्न बैंकमा वित्तीय सम्बन्धी रेहेको व्यवस्था बारे जगेर्ना दिने उद्देश्यले तालिम दिएको मिडिया हाउस नेशनल इन्स्टिच्युट फर करियर डेभलपमेन्टका निर्देशक उज्वलराज गौतमले जानकारी दिए ।

उनले महिलालाई वित्तीय साक्षरताले खर्च गर्ने बानी व्यवहार, लगानी बझानी, आवश्यकता र चाहनाबीचको भिन्नतालाई कसरी परिवर्तन गर्ने भन्ने विषयमा सहभागिहरुलाई जानकारी दिएको उनले बताए ।सा तालिममा महिलालाई डिजिटल वित्तीय माध्यमबारे समेत जानकारी दिएको छ भने यसका साथै आफ्ना वित्तीय स्रोत, बचत, लगानी र सुरक्षित गर्ने उद्देश्यले बैंक खाता खोल्ने विधि बारे प्रशिक्षकहरु विनोद अधिकारी र सहनशिला शर्माले प्रशिक्षण दिएका थिए ।

तालिमको उद्घाटन सत्रमा बोल्दै जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले महिलाहरुले समयको सदुपयोग गर्दै गृहणीले रकमको बचत, रकमको सदुपयोग, पारिवारिक खर्चलगायतका बारेमा व्ययभारको समेत ख्याल गर्नका लागि पनि आवश्यक रहेको बताए ।

उनले सामाजिक सञ्जालमा समय खेर फालिरहेको समयमा यस प्रकारको तालिमले आर्थिक रुपमा सम्पन्न हुनकालागि ज्ञान आर्जन गरेर आर्थिक बचत हुने बताए । सो तालिम जनकपुरधाम उद्योग वाणिज्य संघको सहकार्य तथा एभरेष्ट बैंकको सहयोगका भएको थियो ।

सो कार्यक्रमको औपचारिक उद्घाटन जनकपुरधाम उद्योग वाणिज्य संघको महिला उपाध्यक्ष रिंकु शाह, जउवा संघको पूर्व सदस्य धर्मेन्द्र साह, एभरेष्ट बैंकका शाखा मिल्स एरियाका प्रबन्धक विक्रान्त शर्मा तथा सोही बैंकका मुरली चोकका प्रबन्धक संजीवकुमार ठाकुरलगायतकाहरुले शुभकामना मन्तव्य दिए ।

# करदातालाई सम्मान

**टुडे समाचारदाता**



जनकपुरधाम । कर प्रणालीको सार लगानीको आधार मूल नारासहित राष्ट्रिय कर दिवस विविध कार्यक्रम गरी मनाइँदै छ ।

१३ औं कर दिवस साताव्यापी कार्यक्रम अन्तर्गत जनकपुरधाममा आइतबार पहिलो सेवाग्राहीलाई आन्तरिक राजस्व कार्यालय जनकपुरधामले रीनाकुमारी दासलाई सम्मान गरिएको छ ।

सेवाग्राही दासले व्यक्तिगत फर्म दर्ता गरी अभिनभ सप्लायर्स नामक संस्था दर्ता गरी कार्यालयले सेवा दिई कार्यालय सञ्चालनमा आएको थियो ।

पहिलो दिन शनिबार करदाताहरुमा सचेतना अभिवृद्धि गर्न जनकपुरधाममा प्रभातफेरी गरिएको थियो । आन्तरिक राजस्व कार्यालय जनकपुरधामबाट सुरु भई जानकी मन्दिरसम्म पुगेको प्रभातफेरीका सहाभागीहरु कर सम्बन्धी विभिन्न प्लेकार्ड बोकेका थिए ।

जानकी मन्दिर परिसर पुगेर प्रभातफेरी पूनः आन्तरिक राजस्व कार्यालय परिसरमा पुगेर समापन भएको थियो ।

सो कार्यक्रममा कार्यालयका प्रमुख, कर अधिकृतहरु लगायत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

‘कर प्रणालीको सार, लगानीको आधार’ मुलनाराका साथ १३ औं राष्ट्रिय कर दिवस राष्ट्र्व्यापी रुपमा मनाइँदैछ ।

सो अन्तर्गतको तेश्रो दिन सोमबार करदाता शिक्षा कार्यक्रम रहेको कार्यालयका प्रमुख कर अधिकृत आनन्दकुमार गुप्ताले जानकारी दिए ।

**महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं**

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुके पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछेप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

**आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८